# स्थानीय पाठ्यक्रम

# हाम्रो पुतलीबजार (कक्षा १-८)

**प्रकाशक**

**पुतलीबजार नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**स्याङ्जा**

# स्थानीय पाठ्यक्रम

## हाम्रो पुतलीबजार (कक्षा १-८)

**सर्वाधिकार : © पुतलीबजार नगरपालिकामा निहित**

**ईमेल :** putalibazaareducation@gmail.com

putalibazarmun@gmail.com

**वेबसाइट :** www.putalibazarmun.gov.np

**दोस्रो संस्करण : वि.सं. २०८१**

यस पाठ्यक्रम सम्बन्धी सम्पूर्ण अधिकार पुतलीबजार नगरपालिका स्याङ्जामा निहित रहेको छ । पुतलीबजार नगरपालिकाको स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि गर्न पाईने छैन ।

पुतलीबजार नगरपालिकाको मिति २०८१।०१।०७ गतेको नगर शिक्षा समितिको वैठकले सिफारिस गरी मिति २०८१।०१।१६ गतेको कार्यपालिका वैठकबाट स्वीकृत

# स्थानीय पाठ्यक्रम

## हाम्रो पुतलीबजार (कक्षा १-८)

### प्रमुख सल्लाहकार

**तुलसीराम रेग्मी**

**नगर प्रमुख**

### सल्लाहकार

**देवी अर्याल**

**नगर उपप्रमुख**

**चिरञ्जीवी पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**

### पाठ्यक्रम परिमार्जन तथा लेखन समिति

| | | | |
|---|---|---|---|
| संयोजक | बाबुराम बराल | शिक्षा शाखा प्रमुख अधिकृतस्तर (दसौँ) | पुतलीबजार नगरपालिका |
| सदस्य | कृष्णबहादुर गोदार | प्रधानाध्यापक | श्री सरस्वती मा.वि.पुतलीबजार -३ गैरीखेत |
| सदस्य | चण्डीप्रसाद सुवेदी | शिक्षक | श्री कोल्मा बराहचौर मा.वि.पुतलीबजार -९ |
| सदस्य | विशाल गौतम | शिक्षक | श्री सरस्वती मा.वि. पुतलीबजार -४ नाँगडाँडा |
| सदस्य | युवराज पौडेल | शिक्षक | श्री काजिमान हरिटीका मा.वि पुतलीबजार -३ |
| सदस्य | मञ्जु थापा | शिक्षक | श्री शिशु निकेतन आ.मा.वि पुतलीबजार -३ |
| सदस्य सचिव | शोभा बस्याल | सहायक स्तर पाँचौँ | पुतलीबजार नगरपालिका |

# मेरो भनाइ

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तहमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न दिशानिर्देश गरेको छ । नेपालको संविधान २०७२ ले पनि माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको अवस्था छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले पनि स्थानीय तहले कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम निर्माण तथा विकास गरी कार्यान्वयन गराउन मार्गनिर्देश गरेको सन्दर्भमा पुतलीबजार नगरपालिकाले पनि स्थानीय पाठ्यक्रम २०८१ को निर्माण र परिमार्जन गरेको छ । राष्ट्रिय पाठ्यक्रमले नसमेटेका पुतलीबजारका विशिष्ट पहिचान, सभ्यता, संस्कार, संस्कृति, नैतिक शिक्षा, भाषा, भूगोल, परम्परा र सम्पदाहरूको बारेमा आजका विद्यार्थीलाई जानकारी दिनु आवश्यक छ। जतिसुकै पढेर जुनसुकै पद र प्रतिष्ठा हासिल गरे पनि आफ्नो माटो र संस्कृति नचिन्ने व्यक्तिले आफ्नो गाउँठाउँ र सम्पदाको माया र संरक्षण गर्न सक्दैन। यसका लागि स्थानीय विशेषता भएको स्थानीय पाठ्यक्रम अपरिहार्य भएकाले पुतलीबजारले यो प्रयास गरेको छ। आज हाम्रा बालबालिकाहरूमा नैतिक संस्कारको खडेरी परिरहेको छ। बोलीचाली, व्यवहार र जीवनशैलीमा भड्किलोपन देखिँदै गएको छ भने विदेशी नक्कल गर्ने प्रवृत्ति पनि बढिरहेको छ। हाम्रा नातासम्बन्धहरू, हाम्रा अतिथि सत्कारका परम्पराहरू, हाम्रा मौलिक चाडपर्वहरू र स्थानीय जनजीवनका थुप्रै मौलिक पक्षहरू हराउँदै गएका सन्दर्भमा स्थानीय पाठ्यक्रमको औचित्य अझै टड्कारो बनिरहेको छ। नैतिकता र संस्कार बिनाको शिक्षाले असल नागरिक उत्पादन गर्दैन । नागरिक सिपयुक्त र ज्ञानयुक्त मात्र भएर हुँदैन, संस्कारयुक्त हुनु जरुरी छ । संस्कारयुक्त नागरिकले मात्र मुलुकलाई सही गन्तव्यमा डोऱ्याउन सक्छ। यही अभिप्रायलाई मध्येनजर गर्दै पुतलीबजारले संस्कार शिक्षालाई विशेष जोड दिँदै **हाम्रो पुतलीबजार (कक्षा १–८)** नामक स्थानीय पाठ्यक्रम (परिमार्जित संस्करण) प्रकाशित गरेको छ । हाम्रो पुतलीबजार २०८१ पाठ्यक्रम परिमार्जन तथा लेखनका क्रममा निकै मिहिनेतका साथ खटिनुहुने पाठ्यक्रम परिमार्जन तथा लेखन समितिका सम्पूर्ण सदस्यहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस कार्यमा महत्त्वपूर्ण सुझाव दिनुहुने नगर शिक्षा समिति, कार्यपालिकाका पदाधिकारी, जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षक, अभिभावक, बुद्धिजीवी सबैलाई हार्दिक आभार व्यक्त गर्दै यसलाई सबै विद्यालयमा अनिवार्य रूपमा कार्यान्वयन गर्ने सन्दर्भमा सहयोग पुऱ्याउने अपेक्षा राख्दछु।

तुलसीराम रेग्मी
नगर प्रमुख
पुतलीबजार नगरपालिका

# दुई शब्द

नेपालको संविधान २०७२ तथा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लगायत विभिन्न नीति निर्देशिका तथा मापदण्डहरूमा अभिभव्यक्त गरिएको मर्मअनुसार कक्षा १ देखि ८ सम्मको आधारभूत तहको शिक्षामा स्थानीय विषय अध्यापन गराउनुपर्ने व्यवस्थाबमोजिम पुतलीबजार नगरपालिकाले २०७६ मा स्थानीय पाठ्यक्रम निर्माण गरेको थियो । उक्त पाठ्यक्रम कक्षा १ देखि ५ सम्ममात्र सीमित भएको र त्यसलाई अझै समयानुकूल बनाउन उपयुक्त देखिएकाले पुतलीबजार नगरपालिका शिक्षा शाखा प्रमुखको हैसियतले मेरो संयोजकत्वमा 'हाम्रो पुतलीबजार (कक्षा १–८)' नामक स्थानीय पाठ्यक्रमको निर्माण र परिमार्जन गर्ने जिम्मेवारी सम्पन्न गरेका छौं ।

राष्ट्रिय पाठ्यक्रममा नपरेका कतिपय स्थानीय विषयवस्तुको ज्ञान तथा सिपबाट हाम्रा बालबालिका बञ्चित हुनुपरेको तथ्यलाई दृष्टिगत गर्दै स्थानीय सम्पदा, भाषा, संस्कृति, भूगोल आदिको बारेमा उनीहरूलाई जानकारी दिने उद्देश्यले हामीले यो पाठ्यक्रम निर्माण तथा परिमार्जन गरेका छौं । यस क्रममा पाठ्यक्रम निर्माणका लागि सुझाव दिनका लागि विभिन्न समयमा सम्बन्धित सरोकारवालहरूसँग बसेर विभिन्न कार्यशाला तथा अन्तरक्रियाहरू पनि सम्पन्न गरेका छौं ।

सिकाइको मूल दस्तावेज भनेको पाठ्यक्रम नै हो । पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्नका लागि अपनाइने विभिन्न साधनहरूमध्ये पाठ्यपुस्तक पनि एक हो । तर पाठ्यपुस्तक सबैथोक होइन, यो केवल माध्यम मात्र हो । सबैभन्दा महत्त्वपूर्ण विषय पाठ्यक्रम नै हो । हाल निर्माण गरिएको स्थानीय पाठ्यक्रम हाम्रो पुतलीबजारलाई यस वर्षदेखि पुतलीबजार नगरपालिकाभित्र रहेका सबै विद्यालयमा कक्षा १ देखि ८ सम्मका कक्षाहरूमा अनिवार्य रूपमा अध्यापन गर्नुपर्ने कुरा पनि जानकारी गराउँदै यो पाठ्यक्रम कार्यान्वयनमा विद्यालय, प्रधानाध्यापक, शिक्षक, अभिभावक, जनप्रतिनिधि, समुदाय सबैले सहयोगी भूमिका निर्वाह गरिदिनका लागि अनुरोध गर्दछु ।

अन्त्यमा, 'हाम्रो पुतलीबजार (कक्षा १–८)' निर्माणका क्रममा उत्प्रेरणा प्रदान गरी उपयुक्त वातावरण निर्माण गरिदिने पुतलीबजार नगरपालिकाका प्रमुख तुलसीराम रेग्मीज्यू, उपप्रमुख देवी अर्यालज्यू, प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी पौडेलज्यू, कार्यपालिकाका सदस्यज्यूहरू लगायत  सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

बाबुराम बराल
संयोजक
पाठ्यक्रम परिमार्जन तथा लेखन समिति
तथा शिक्षा शाखा प्रमुख
पुतलीबजार नगरपालिका

# विषयसूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. शिक्षाका राष्ट्रिय उद्देश्यहरू | ३ |
| ३. स्थानीय पाठ्यक्रमका विषय क्षेत्रहरू | ४ |
| ४. तहगत सक्षमता | ५ |
| ५. कक्षागत सिकाइ उपलब्धि | ७ |
| ६. विषयको क्षेत्र क्रम र विस्तृतीकरण | २४ |
| ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया | १०५ |
| ८. विद्यार्थी मूल्याङ्कन | १०८ |
| ९. पठन पाठनको समय | १४२ |
| १०. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया | १४३ |
| ११. पाठ्यक्रम परिमार्जन | १४३ |

## १. परिचय

राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक सम्पदाहरू, आर्थिक क्रियाकलाप, परिवेश, वातावरण आदि विषयवस्तुलाई समावेश गरी बनाइएको पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले स्थानीय पाठ्यक्रमको माध्यमबाट औपचारिक रूपमा आफ्नो गाउँ, समाज तथा स्थानीय तहको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्न सक्नुपर्छ । त्यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरू, प्राकृतिक सम्पदा यसको संरक्षण एवम् संवर्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तीहरूका बारेमा समेत पहिचान गर्न सक्नुपर्छ । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्न सक्नुपर्छ । पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्नुपर्छ । यसबाट बालबालिकाहरूले सामाजिक मूल्य–मान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्दै हामीले निर्माण गरेको पाठ्यक्रमको कार्यान्वयनले भावी सामाजिक तथा वातावरणीय विकासका धरोहर आजका बालबालिकाहरूलाई स्थानीय परिवेशको सर्वाङ्गीण पक्षको पहिचान गराई सो को संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागिता बढाउनका साथै स्वावलम्बनको धारणासमेत प्रदान गर्न सक्नुपर्छ भन्ने मान्यताका साथ स्थानीय पाठ्यक्रमको अवधारणा आएको पाइन्छ ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषा अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको पाइन्छ । त्यस्तै प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १–३) र २०६५ (कक्षा ४–५) मा मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिंदै साप्ताहिक पाठ्यभार ४ बनाइयो भने सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०-२० प्रतिशत भार स्थानीय अंशको रूपमा समावेश गर्ने व्यवस्था गरेको देखिन्छ । आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरेको पाइन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा आधारभूत पाठ्यक्रम, २०७६ ले आधारभूत तह (कक्षा १–८) सम्म स्थानीय विषय पठनपाठन गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय पाठ्यक्रमका सम्बन्धमा प्राथमिक शिक्षा पाठ्यक्रम, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिएको उल्लेख छ ।

स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र स्थानीय विज्ञता यस पाठ्यक्रमका मुख्य तत्वहरू हुन । नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रूपमा व्यवस्था गरी अनुसूची ८ मा आधारभूत र माध्यमिक तह सम्मको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरेको छ । १५ औँ योजनाले परम्परागत र स्थानीय ज्ञान, सिप र प्रविधिको संवर्धन तथा संरक्षण गर्दै वैज्ञानिक खोज एवम् अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने रणनीति तय गरेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी वार्षिक ५ पाठ्यघण्टा अर्थात १६० कार्यघन्टा कायम गरेको छ । यसै गरी आधारभूत तहकै कक्षा ४–८ मा मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तु वार्षिक ४ पाठ्यघण्टा अर्थात १२८ कार्यघन्टा तोकिएको छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले निर्दिष्ट गरेका प्रावधानलाई समेत अँगाल्दै पुतलीबजार नगरपालिकाले यस अघि २०७६ सालमा कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरेको थियो । परिवर्तित परिवेश र समयानुकूल परिमार्जन गरी २०८१ देखि लागू हुने गरी १२ विषय क्षेत्रमा हाम्रो पुतलीबजार नामक स्थानीय पाठ्यक्रम (कक्षा १–८) निर्माण गरिएको छ ।

स्थानीय पाठ्यक्रम विकासमा स्थानीय विषयवस्तु र स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नता हुनुपर्ने मान्यताका आधारमा यो पाठ्यक्रम विकास गर्ने प्रयास गरिएको छ । स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न, परम्परागत पेसा, व्यवसाय र प्रविधि, स्थानीय तहका कलाकौशल, संस्कृति, भाषा, परम्परा, व्यवसाय, पर्यटकीय क्षेत्र, प्राकृतिक सम्पदा नैतिक संस्कार आदिका बारेमा नगरक्षेत्रका बालबालिकाहरूलाई जानकारी गराई परम्परागत मूल्य मान्यता तथा संस्कारलाई संरक्षण तथा संवर्धन गरी एक अनुशासित संस्कारित, ज्ञान र सिपयुक्त जनशक्ति तयार हुने अपेक्षा पाठ्यक्रमले लिएको छ ।

## २. शिक्षाका राष्ट्रिय उद्देश्यहरू

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार रहेका छन्–

- प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने
- राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने
- श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने
- व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने
- प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने
- प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने
- वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने
- रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने
- नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएको नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने
- जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने
- सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ३. स्थानीय पाठ्यक्रमका विषय क्षेत्रहरू

| क्र सं | विषय क्षेत्रहरू | उपक्षेत्रहरू |
|---|---|---|
| १ | पुतलीबजार नगरपालिकाको परिचय | भूगोल, जनसङ्ख्या, जातजाति, भाषा, धर्म, पूर्वाधार, प्रशासनिक संरचना, नक्साङ्कन,  इतिहास |
| २ | धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | मठ मन्दिर, गुम्बा, मस्जिद, चर्च, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू |
| ३ | प्राकृतिक सम्पदा र वातावरण | खोला, वनजङ्गल, मैदान, गुफा, झरना, जीव तथा वनस्पति र हावापानी |
| ४ | पर्यटन | होमस्टे, पदयात्रा, रक क्लाइम्विङ, प्याराग्लाइडिङ, क्रस कन्ट्री रनिङ, पर्यटकीय क्षेत्रहरू |
| ५ | कृषि र पशुपालन | खाद्य बाली, नगदेबाली, तरकारी खेती, फलफूल खेती, पशुपालन, पंक्षीपालन, मौरीपालन, माछापालन |
| ६ | उद्यमशीलता | पेशा, व्यवसाय, स्थानीय प्रविधि, घरेलु उद्यम |
| ७ | सरसफाइ र फोहोर व्यवस्थापन | सरसफाइ , फोहोर व्यवस्थापन |
| ८ | स्थानीय खेल, शिक्षा र स्वास्थ्य | स्थानीय स्तरमा खेलिने खेलहरू, परम्परागत शिक्षा, प्राविधिक शिक्षा, सूचना प्रविधि, धार्मिक शिक्षा ,योग, प्राकृतिक उपचार |
| ९ | दुर्घटना र विपत् व्यवस्थापन | दुर्घटना, सवारी दुर्घटना ट्राफिक नियम, विपत् र विपत् व्यवस्थापन |
| १० | सामाजिक मूल्य मान्यता, संस्कृति र प्रेरक व्यक्तित्व | चाडपर्व , जातीय संस्कार, स्थानीय खानाका परिकार, मेला, महोत्सव ,परम्परा  र पुतलीबजारका प्रेरक व्यक्तित्वहरू |
| ११ | संस्कार शिक्षा | विनयशीलता,  माया , सम्मान,  अभिवादन, प्रशंसा,  श्रमप्रतिको सम्मान, आतिथ्य,  सदाचार, धीरता, मितव्ययीता |
| १२ | जीवनोपयोगी सिप | द्वन्द्व व्यवस्थापन, आत्म अनुशासन,  तनाव व्यवस्थापन, आहार विहार, समानुभूति  र सहयोग |

## ४. तहगत सक्षमता

**( कक्षा १ - ३ )**

१. आफ्नो गाउँ, टोल, वडा , धर्म, जाति, भाषा, प्रशासनिक संरचना सहित पुतलीबजार नगरपालिकाको सामान्य परिचय
२. पुतलीबजारका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको सामान्य परिचय
३. पुतलीबजारका मुख्य खोला,पोखरी, ताल, मैदान, वनजंगल, गुफा, झरना,जीव र वनस्पतिको सामान्य परिचय
४. पुतलीबजारका पर्यटकीय स्थलहरूको सामान्य परिचय
५. पुतलीबजारका खाद्यबाली, नगदेबाली, फलफूल खेती तथा पशुपालनको सामान्य परिचय
६. पुतलीबजारका मुख्य पेसा, व्यवसाय र स्थानीय प्रविधिको सामान्य परिचय
७. व्यक्तिगत सरसफाइका आधारभूत पक्षहरूको परिचय र प्रयोग
८. स्थानीय खेल, परम्परागत शिक्षा तथा धार्मिक शिक्षाको परिचय र अभ्यास
९. दुर्घटनाहरूबाट बच्ने उपायहरूको अवलम्बन
१०. पुतलीबजारका मुख्य चाडपर्व ,पहिरन, स्थानीय खानाका परिकारको सामान्य परिचय
११. अभिवादन, विनम्रता, सम्मान, आतिथ्यको जानकारी र अवलम्बन
१२ .अनुशासित व्यवहारको पालना र स्वस्थ आहार विहारको प्रयोग

**( कक्षा ४ - ५)**

१. पुतलीबजार नगरपालिकाको भौगोलिक अवस्था, सिमाना, धार्मिक, जातीय, भाषिक बनावट, प्रशासनिक संरचना, पूर्वाधार र नक्साको पहिचान
२. पुतलीबजारका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान
३. पुतलीबजारका खोला, वनजङ्गल, मैदान, पोखरी, गुफा, झरना तथा जीव र वनस्पतिहरूको पहिचान
४. पुतलीबजारका मुख्य पर्यटकीय गतिविधी र पर्यटकीय स्थलहरूको परिचय
५. पुतलीबजारका मुख्य खाद्य बाली, नगदे बाली, तरकारी खेती, फलफूल खेती र पशुपालनको जानकारी
६. पुतलीबजारका स्थानीय पेसा र व्यवसाय तथा स्थानीय प्रविधिको पहिचान
७. सरसफाइ र फोहोर व्यवस्थापनका सिप तथा स्वस्थ जीवनशैलीको अवलम्बन
८. प्रचलित स्थानीय खेलहरूको आधारभूत ज्ञान र सिप विकास
९. परम्परागत शिक्षा र धार्मिक शिक्षाको आधारभूत ज्ञान
१०. सूचना प्रविधि, योग र प्राकृतिक उपचारको परिचय र प्रयोग
११. दुर्घटनाहरूबाट बच्ने उपायहरूको अवलम्बन तथा विपतबारे सचेतता
१२. पुतलीबजारका मुख्य चाडपर्व, लोक गीत ,नाच ,पहिरन जातीय संस्कारहरूको परिचय
१३. अभिवादन, विनम्रता, सम्मान, सदाचार, आतिथ्यता मितव्ययिता र श्रमप्रतिको सम्मान
१४. मेलमिलाप, सहयोग, आत्मानुशासनको विकास र व्यवहारिक प्रयोग

**(कक्षा ६ - ८)**

१. पुतलीबजार नगरपालिकाको भूगोल, जाति, भाषा, धर्मको अवस्था, प्रशासनिक संरचना, नक्साङ्कन, इतिहासको परिचयका साथै नगरबाट प्रवाह हुने सेवा तथा पूर्वाधाको पहिचान र प्रभावकारिताको खोजी
२. पुतलीबजारका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको महत्त्व र विशेषताको जानकारी तथा संरक्षणका उपायहरूको अवलम्बन
३. पुतलीबजारका खोला, वनजङ्गल, मैदान, पोखरी, गुफा, झरना तथा जीव र वनस्पतिहरूको परिचय महत्त्व र विशेषता
४. पुतलीबजारका मुख्य पर्यटकीय गतिविधि, पर्यटनको महत्त्व तथा प्रवर्धन
५. पुतलीबजारका मुख्य खाद्य बाली, नगदे बाली, तरकारी खेती, फलफूल खेती पशुपालन पंक्षीपालनको पहिचान, महत्त्व, सम्भावना र चुनौती
६. पुतलीबजारका स्थानीय पेसा र व्यवसाय तथा स्थानीय प्रविधि, घरेलु उद्यमको परिचय महत्त्व र विशेषता
७. वातावरणीय सरसफाइ र फोहोर व्यवस्थापनका सिप तथा स्वस्थ जीवनशैलीको अवलम्बन
८. प्रचलित स्थानीय खेलहरूको परिचय महत्त्व संरक्षणका उपाय
९. परम्परागत, धार्मिक र प्राविधिक शिक्षाको महत्त्व र तुलनात्मक ज्ञान र सिपको विकास
१०. सूचना प्रविधि, योग अभ्यास र प्राकृतिक उपचार पद्धतिको परिचय र प्रयोग
११. दुर्घटना एवम् प्रकोपप्रति सचेतता तथा न्युनीकरणका उपायहरू
१२. ट्राफिक नियमको पालना र विपत व्यवस्थापनको योजना निर्माण सिप
१३. पुतलीबजारका परम्परा, जातीय संस्कार, गीत, नृत्य, मेला महोत्सव तथा स्थानीय खानाको पहिचान र संरक्षण
१४. पुतलीबजारका प्रेरक व्यक्तिको परिचय
१५. विनयशीलता, माया, अभिवादन, आतिथ्य, धैर्य, मितव्ययीता, उचित आहारविहारको अवलम्बन
१६. समानुभूति, सदाचार, श्रमप्रतिको सम्मान, द्वन्द्व, एवम् तनाव व्यवस्थापन सिपको विकास र अवलम्बन

## ५. कक्षागत सिकाइ उपलब्धि (कक्षा १ देखि ३)

| क्र सं | क्षेत्र / थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | पुतलीबजार नगरपालिकाको परिचय | • आफू बसोबास गरेको गाउँ / टोलको नाम बताउन<br>• आफ्नो कक्षाका साथीहरूको थर पहिचान गर्न<br>• आफ्नो घर र विद्यालय वरपरको बाटो र बस्तीको पहिचान गर्न<br>• आफू बसोबास गरेको नगरपालिकाको नाम बताउन | • आफना छिमेकी टोलहरूको सामान्य परिचय दिन<br>• आफ्नो कक्षाका साथीहरूको धर्म , जाति र मातृभाषा पहिचान गर्न<br>• आफ्नो घर र विद्यालय रहेको वडाको नाम बताउन<br>• आफ्नो वडाका वडा अध्यक्षको नाम बताउन | • आफ्नो वडाका मुख्य टोल वा गाउँहरूको परिचय दिन<br>• आफ्नो समुदायका मानिसहरूको जाति, धर्म र भाषाको पहिचान गर्न<br>• पुतलीबजार नगरपालिकाको प्रशासनिक संरचनाको सामान्य परिचय दिन<br>• आफ्नो नगरपालिकाका नगर प्रमुख र उपप्रमुखको नाम बताउन |
| २ | धार्मिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | • आफ्नो गाउँ वरपर भएका धार्मिक स्थलहरूको नाम बताउन<br>• आफ्नो गाउँ वरपर भएका ऐतिहासिक सम्पदाहरूको पहिचान गर्न | • आफ्नो वडामा भएका धार्मिक स्थलहरूको नाम बताउन<br>• आफ्नो वडामा भएका ऐतिहासिक सम्पदाहरूको पहिचान गर्न | • आफ्नो छिमेकी वडामा भएका धार्मिक स्थलहरूको नाम बताउन<br>• आफ्नो छिमेकी वडामा भएका ऐतिहासिक सम्पदाहरूको पहिचान गर्न |

| | | | | |
|---|---|---|---|---|
| ३ | प्राकृतिक सम्पदा र वातावरण | • आफ्नो गाउँ टोल वरपरका खोला र पोखरीको नाम बताउन<br>• आफ्नो गाउँ टोल वरपर पाइने जनावर, चराचुरुङ्गी र वनस्पतिहरूको पहिचान गर्न | • आफ्नो वडामा भएका खोला, पोखरी, ताल, मैदान, गुफा र जङ्गलको नाम बताउन<br>• आफ्नो वडामा पाइने जनावर ,चराचुरुङ्गी ,वनस्पति तथा जडीबुटीहरूको पहिचान गर्न | • आफ्नो छिमेकी वडाहरूमा भएका मुख्य खोला, पोखरी, मैदान ,वनजङ्गल ,गुफा र झरनाको नाम बताउन<br>• आफ्नो छिमेकी वडाहरूमा पाइने जनावर, चराचुरुङ्गी, वनस्पति तथा जडीबुटीहरूको पहिचान गर्न |
| ४ | पर्यटन | • आफ्नो गाउँ टोल वरपर रहेका पर्यटकीय स्थलहरूको पहिचान गर्न<br>• पर्यटकहरूलाई पहिचान गर्न | • आफ्नो वडामा रहेका पर्यटकीय स्थलहरूको पहिचान गर्न<br>• पर्यटकहरूलाई सम्मान गर्न | • आफ्नो छिमेकी वडाहरूमा रहेका मुख्य पर्यटकीय स्थलहरूको पहिचान गर्न<br>• पर्यटकहरूलाई सम्मान गर्न |
| ५ | कृषि र पशुपालन | • आफ्नो गाउँ टोल वरपर लगाइने खाद्य बाली र तरकारी बालीको नाम बताउन<br>• आफ्नो गाउँ टोल वरपर पाइने फलफूलहरू तथा पालिने घरपालुवा जनावरहरूको पहिचान गर्न | • आफ्नो वडामा लगाइने खाद्य बाली, नगदेबाली ,तरकारी बालीहरूको नाम बताउन<br>• आफ्नो वडामा लगाइने फलफूल खेती तथा पशुपंक्षीको पहिचान गर्न | • छिमेकी वडाहरूमा लगाइने मुख्य खाद्य बाली, नगदेबाली, तरकारी बालीहरूको नाम बताउन<br>• छिमेकी वडाहरूमा लगाइने फलफूल खेती तथा पशुपालनको सामान्य परिचय दिन |

| | | | | |
|---|---|---|---|---|
| ६ | उद्यमशीलता | • आफ्नो गाउँ टोल छरछिमेकका मानिसहरूले गरेका पेसा व्यवसायहरूको पहिचान गर्न<br>• आफ्नो गाउँ टोल छरछिमेकमा रहेका स्थानीय प्रविधिको नाम बताउन | • आफ्नो वडाका मानिसहरूले गरेका पेसा व्यवसायहरूको पहिचान गर्न<br>• आफ्नो वडामा रहेका स्थानीय प्रविधिको नाम बताउन | • छिमेकी वडाहरूका मानिसहरूले गरेका पेसा व्यवसायहरूको पहिचान गर्न<br>• छिमेकी वडाहरूमा रहेका स्थानीय प्रविधिको नाम बताउन |
| ७ | सरसफाइ र फोहोर व्यवस्थापन | • व्यक्तिगत सरसफाइ गर्न<br>• आफूले उत्पादन गरेको फोहोरको व्यवस्थापन गर्न | • व्यक्तिगत सरसफाइ र आफ्नो कोठाको सरसफाइ गर्न<br>• आफूले उत्पादन गरेको फोहोरको व्यवस्थापन गर्न | • व्यक्तिगत सरसफाइ आफ्नो कोठाको सरसफाइ गर्न र घरको सरसफाइका क्रियाकलापमा संलग्न हुन<br>• आफूले उत्पादन गरेको फोहोरको उचित तरिकाले व्यवस्थापन गर्न |
| ८ | स्थानीय खेल शिक्षा र स्वास्थ्य | • आफ्नो गाउँ टोलमा खेलिने स्थानीय खेलको पहिचान गर्न | • आफ्नो वडामा खेलिने स्थानीय खेलको पहिचान गरी अभ्यास गर्न<br>• परम्परागत शिक्षाको सामान्य परिचय दिन | • छिमेकी वडाहरूमा खेलिने स्थानीय खेलको पहिचान गरी अभ्यास गर्न<br>• परम्परागत शिक्षा र धार्मिक शिक्षाको सामान्य परिचय दिन |
| ९ | दुर्घटना र विपत् व्यवस्थापन | • घर तथा विद्यालयमा हुन सक्ने | • घर बाटो तथा विद्यालयमा हुन सक्ने | • घर बाटो तथा विद्यालयमा हुन सक्ने |

| | | | | |
|---|---|---|---|---|
| | | दुर्घटनाबाट बच्ने उपायहरूको प्रयोग गर्न | दुर्घटनाबाट बच्ने उपायहरूको अभ्यास गर्न<br>● ट्राफिक नियमको प्रयोग गर्न | दुर्घटनाबाट बच्ने अभ्यास गर्न<br>● मोटरबाटोमा सुरक्षित तरिकाले हिंड्ने अभ्यास गर्न<br>● ट्राफिक नियमको प्रयोग गर्न |
| १० | सामाजिक मूल्य मान्यता, संस्कृति र प्रेरक व्यक्तित्व | ● आफ्नो परिवारमा पकाइने खानाका परिकारहरूको नाम बताउन<br>● आफ्नो परिवारले मनाउने चाडपर्वहरूको नाम बताउन<br>● आफ्नो परिवार र छरछिमेकका मानिसहरूले लगाउने मौलिक पहिरनको नाम बताउन | ● आफ्नो गाउँ ,टोल छरछिमेकमा पकाइने स्थानीय खानाका परिकारहरूको नाम बताउन<br>● आफ्नो गाउँ टोल छरछिमेकका मानिसहरूले मनाउने चाडपर्वहरूको नाम बताउन<br>● आफ्नो गाउँ टोल र छरछिमेकका मानिसहरूले लगाउने मौलिक पहिरनको नाम बताउन | ● आफ्नो वडा र छिमेकी वडामा पकाइने स्थानीय खानाका परिकारहरूको नाम बताउन<br>● आफ्नो वडा र छिमेकी वडामा मनाइने चाडपर्वहरूको नाम बताउन<br>● आफ्नो वडा र छिमेकी वडाका मानिसहरूले लगाउने मौलिक पहिरनको नाम बताउन |
| ११ | संस्कार शिक्षा | ● परिवार छिमेक र विद्यालयमा सामान्य अभिवादन गर्न<br>● आफूभन्दा सानालाई माया ममता र ठुलालाई सम्मानजनक व्यवहार गर्न<br>● कक्षा तथा छिमेकका साथीहरूसँग | ● परिवार छिमेक र विद्यालयम समुदायमा सामान्य अभिवादन गर्न<br>● आफूभन्दा सानालाई माया ममता र ठुलालाई सम्मानजनक व्यवहार गर्न<br>● कक्षा  विद्यालय तथा समुदायका | ● परिवार छिमेक र विद्यालय समुदाय तथा विभिन्न व्यक्तित्वहरूलाई उचित अभिवादन गर्न<br>● आफूभन्दा सानालाई माया ममता र ठुलालाई सम्मानजनक व्यवहार गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | मिलेर बस्न तथा खेल्न<br>• नम्र व्यवहार गर्न<br>• घरमा आउने पाहुनालाई आदर सम्मान गर्न | साथीहरूसँग मिलेर बस्न खेल्न तथा सहयोग गर्न<br>• नम्र र शालिन व्यवहार गर्न<br>• घरमा आउने पाहुनालाई आदर सम्मान गर्न | • कक्षा विद्यालय तथा समुदायका साथीहरूसँग मिलेर बस्न खेल्न मित्रवत व्यवहार गर्न तथा सामूहिक कार्य गर्न<br>• नम्र र शालीन व्यवहार गरी सामाजिक मेलमिलाप कायम गर्न<br>• पाहुनालाई आदर सम्मान गर्न तथा स्वागत गर्न<br>• फजुल खर्च नगरी मितव्ययी व्यवहार गर्न |
| १२ | जीवनोपयोगी सिप | • घर, परिवार, छिमेक, कक्षाकोठा तथा विद्यालयमा अनुशासनको पालना गर्न<br>• परिवार छिमेक तथा कक्षाकोठामा सहयोग आदान प्रदान गर्न<br>• स्वस्थ खानेकुराहरू खान | • घर परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा अनुशासनको पालना गर्न<br>• परिवार छिमेक तथा कक्षाकोठामा झगडा नगरी मेलमिलाप कायम गर्न<br>• स्वस्थ खानेकुराहरू खान | • घर परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा अनुशासनको पूर्ण पालना गर्न<br>• परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा झैझगडा नगरी मेलमिलाप कायम गर्न<br>• स्वस्थ खानेकुराहरू खान |

**कक्षागत सिकाइ उपलब्धि  कक्षा ४-५**

| क्र सं | क्षेत्र वा थिम | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | पुतलीबजार नगरपालिकाको परिचय | • पुतलीबजार नगरपालिकाको प्रशासनिक संरचनाको पहिचान गर्न<br>• आफ्नो नगरपालिकाको नक्सामा आफ्नो वडा पहिचान गरी रङ भर्न<br>• नगरपालिकाका प्रमुख उपप्रमुख वडा अध्यक्ष तथा वडा समितिका सदस्यहरूको नाम बताउन<br>• आफ्नो पालिकाका मुख्य धर्म, जाति र भाषाको सामान्य जानकारी दिन<br>• आफ्नो छिमेकी वडामा भएका विकासका पूर्वाधारहरूको नाम बताउन | • पुतलीबजार नगरपालिकाको भौगोलिक स्वरूप र अवस्थितिको पहिचान गर्न<br>• आफ्नो नगरपालिकाको सिमाना बताउन<br>• आफ्नो नगरपालिकाको नक्सामा आफ्नो र छिमेकी वडा पहिचान गरी रङ भर्न<br>• नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाका अध्यक्ष तथा वडा समितिका सदस्यहरूको पहिचान गर्न<br>• आफ्नो पालिकाका मुख्य धर्म, जाति र भाषाको जानकारी दिन<br>• आफ्नो छिमेकी वडामा भएका विकासका पूर्वाधारहरूको नाम बताउन |
| २ | धार्मिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | • पुतलीबजार नगरपालिकामा भएका मुख्य धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको पहिचान गर्न<br>• पुतलीबजार नगरपालिकामा रहेका सांस्कृतिक सम्पदाहरूको सामान्य परिचय दिन<br>• सांस्कृतिक सम्पदाको महत्त्व बताउन | • पुतलीबजार नगरपालिकामा भएका मुख्य धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको परिचय दिन<br>• पुतलीबजार नगरपालिकामा रहेका सांस्कृतिक सम्पदाहरूको परिचय दिन |

| | | | |
|---|---|---|---|
| | | | • सांस्कृतिक सम्पदाको संरक्षणमा सहभागी हुन |
| ३ | प्राकृतिक सम्पदा र वातावरण | • पुतलीबजार नगरपालिका भित्रका प्रमुख खोला, नदी, पोखरी, गुफा, झरना र वनजङ्गलको नाम बताउन<br>• नगरपालिका क्षेत्रमा पाइने जनावर, चराचुरुङ्गी, वनस्पति तथा जडीबुटीहरूको नाम बताउन | • पुतलीबजार नगरपालिका भित्रका प्रमुख खोला, नदी ,पोखरी, मैदान, गुफा, झरना र वनजङ्गलको परिचय दिन<br>• नगरपालिका क्षेत्रमा पाइने जङ्गली जनावर, चराचुरुङ्गी, किराहरू वनस्पति तथा जडीबुटीहरू पहिचान गर्न |
| ४ | पर्यटन | • पुतलीबजारमा रहेका मुख्य पर्यटकीय स्थलहरूको नाम बताउन<br>• होमस्टे तथा पदमार्गको परिचय दिन<br>• पर्यटकको स्वागत तथा सत्कार गर्न | • पुतलीबजार नगरपालिकामा रहेका मुख्य पर्यटकीय स्थलहरूको मुख्य विशेषता पहिचान गर्न<br>• होमस्टे तथा पदमार्गका लागि प्रचलित स्थानहरूको जानकारी दिन<br>• पर्यटकको स्वागत तथा सत्कार गर्न |
| ५ | कृषि र पशुपालन | • पुतलीबजारमा लगाइने प्रमुख खाद्य बाली नगदे बाली तरकारी खेती र फलफूल खेतीको सामान्य परिचय दिन<br>• पुतलीबजारको पशुपंक्षीपालन, मौरी र माछापालनको सामान्य जानकारी दिन<br>• करेसाबारीमा लगाइने तरकारी खेतीमा सहभागी हुन | • पुतलीबजारमा लगाइने प्रमुख खाद्य बाली नगदे बाली तरकारी खेती र फलफूल खेतीको परिचय दिन<br>• पुतलीबजारको पशुपंक्षीपालन, मौरी र माछापालनको परिचय दिन<br>• घर तथा विद्यालयको करेसाबारीमा लगाइने तरकारी खेतीमा सहभागी हुन |

| | | | |
|---|---|---|---|
| ६ | उद्यमशीलता | • पुतलीबजार नगरपालिकामा भएका पेसा तथा व्यवसायहरूको पहिचान गर्न<br>• पुतलीबजार नगरपालिकामा प्रचलित स्थानीय प्रविधिको समान्य परिचय दिन<br>• आफ्नो समुदायमा रहेका स्थानीय प्रविधिको महत्त्व बताउन | • पुतलीबजार नगरपालिकामा भएका पेसा तथा व्यवसाय तथा उद्योगहरूको परिचय दिन<br>• पुतलीबजार नगरपालिकामा प्रचलित र लोप भएका स्थानीय प्रविधिको परिचय दिन<br>• आफ्नो समुदायमा रहेका स्थानीय प्रविधिको संरक्षणमा सहभागी हुन |
| ७ | सरसफाइ र फोहोर व्यवस्थापन | • व्यक्तिगत पारिवारिक र सामुदायिक सरसफाइका क्रियाकलापमा संलग्न हुन<br>• सरसफाइको महत्त्व बताउन<br>• आफूले उत्पादन गरेका फोहोरमैलाको व्यवस्थापन गर्न | • व्यक्तिगत पारिवारिक र सामुदायिक सरसफाइका क्रियाकलापमा संलग्न हुन<br>• सरसफाइको महत्त्व बताउन<br>• आफूले उत्पादन गरेका फोहोरमैलाको उचित तरिकाले व्यवस्थापन गर्न<br>• घर विद्यालय समुदायको वातावरण स्वच्छ राख्ने उपायहरूको पहिचान गर्न |
| ८ | स्थानीय खेल शिक्षा र स्वास्थ्य | • पतलीबजार नगरपालिकामा खेलिने स्थानीय खेलहरूको नाम बताउन<br>• नगरपालिका भित्र  सञ्चालित परम्परागत तथा धार्मिक शिक्षाको सामान्य परिचय दिन | • पतलीबजार नगरपालिकामा खेलिने स्थानीय खेलहरूको परिचय दिन<br>• नगरपालिका भित्र  सञ्चालित परम्परागत तथा धार्मिक शिक्षाको परिचय दिन |

| | | | |
|---|---|---|---|
| | | • मोबाइल फोनको धैरै प्रयोगबाट हुने हानि बताउन<br>• अनुलोम बिलोम प्राणायमको अभ्यास गर्न<br>• प्राकृतिक उपचार पद्धतिको सामान्य परिचय दिन | • मोबाइल फोनको प्रयोग गर्दा ध्यान दिनुपर्ने पक्षहरू बताउन<br>• कपालभाती र भ्रामरी प्रणायामको अभ्यास गर्न<br>• प्राकृतिक उपचारका तरिकाहरूको परिचय दिन |
| ९ | दुर्घटना र विपत् व्यवस्थापन | • भिरालो जमीनमा लड्नु, रुखबाट खस्नु, सिंढिमा लड्नु, करेन्ट लाग्नु जस्ता दुर्घटनाबाट बच्न<br>• ट्राफिक नियमको पालना गर्न<br>• बाढी पहिरो आगलागीबाट सचेत रहन | • भिरालो जमीनमा लड्नु, रुखबाट खस्नु, सिंढिमा लड्नु, करेन्ट लाग्नु, पानीमा डुब्नु जस्ता दुर्घटनाबाट बच्न<br>• ट्राफिक नियमको पालना गर्न<br>• बाढी पहिरो आगलागी भूकम्पबाट सचेत रहन<br>• विपतको समयमा अपनाउनु पर्ने क्रियाकलापहरू बताउन |
| १० | सामाजिक मूल्य मान्यता संस्कृति र प्रेरक व्यक्तित्व | • आफ्ना परम्परागत मूल्य र मान्यता बताउन<br>• पुतलीबजारका मानिसहरूले मनाउने चाडपर्व तथा जातीय संस्कार बताउन<br>• पुलीबजारका मुख्य लोक गीत, लोक नाच तथा मौलिक पहिरनको पहिचान गर्न<br>• पुतलीबजारका मुख्य स्थानीय खानाका परिकारहरूको सामान्य परिचय दिन | • आफ्ना परम्परागत मूल्य र मान्यता बताउन<br>• पुतलीबजारका मानिसहरूले मनाउने चाडपर्व, मेला, महोत्सव तथा जातीय संस्कार बताउन<br>• पुलीबजारका मुख्य लोक गीत, लोक नाच तथा मौलिक पहिरनको परिचय दिन<br>• पुतलीबजारका मुख्य स्थानीय खानाका परिकारहरू बनाउने तरिका बताउन |

| | | | |
|---|---|---|---|
| ११ | संस्कार शिक्षा | • अभिवादनका सिप तथा संस्कारको पालना<br>• विनम्र व्यवहार गर्न<br>• आफूभन्दा सानालाई माया र ठुलालाई सम्मान गर्न<br>• सदाचारका उपायहरू अवलम्बन गर्न<br>• अतिथिहरूको सत्कार गर्न<br>• सबै खालको श्रमप्रति सधै सकारात्मक सोंच राखी श्रमको सम्मान गर्न<br>• फजुल खर्चका बेफाइदाहरू बताउन<br>• मितव्ययी बन्ने उपायहरूको पहिचान गरी अवलम्बन गर्न | • उचित तरिकाले अभिवादन गर्न ।<br>• सबैसँग विनम्रतापूर्वक तव्यवहार गर्न<br>• आफूभन्दा सानालाई माया र ठुलालाई सम्मान गर्न<br>• सदाचारका उपायहरू अवलम्बन गर्न<br>• अतिथिहरूको सत्कार गर्न<br>• सबै खालको श्रमप्रति सधै सकारात्मक सोंच राखी श्रमको सम्मान गर्न<br>• फजुल खर्चका बेफाइदाहरू बताउन<br>• मितव्ययी बन्ने उपायहरूको पहिचान गरी अवलम्बन गर्न । |
| १२ | जीवनोपयोगी सिप | • घर परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा अनुशासनको पूर्ण पालना गर्न<br>• परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा झैझगडा नगरी मेलमिलाप कायम गर्न<br>• बजारमा उपलब्ध विभिन्न जङ्कफुडको पहिचान गरी यसको प्रभाव बताउन | • घर परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा अनुशासनको पूर्ण पालना गर्न<br>• परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा झैझगडा नगरी मेलमिलाप कायम गर्न<br>• बजारमा उपलब्ध विभिन्न जङ्कफुडको पहिचान गरी यसको प्रभाव बताउन |

| | | | |
|---|---|---|---|
| | | • स्वस्थ खानेकुराहरूको पहिचान गरी सेवन गर्न<br>• विद्यालय परिवार तथा समुदायमा सहयोगी व्यवहार प्रदर्शन गर्न | • स्वस्थ खानेकुराहरूको पहिचान गरी सेवन गर्न<br>• विद्यालय परिवार तथा समुदायमा एकापसमा सहयोग गर्न |

**सिकाइ उपलब्धि कक्षा ६–८**

| **विषय क्षेत्र** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|
| पुतलीबजार नगरपालिकाको परिचय | ● पुतलीबजार नगरपालिकाको भौगोलिक अवस्थिति बताउन,<br>● आफ्नो वडा कार्यालयबाट प्रदान गरिने सेवाहरूको जानकारी दिन,<br>● पुतलीबजार नगरपालिकाको नक्सा बनाई सिमाना देखाउन,<br>● पुतलीबजारका मुख्य सडक मार्गहरूको परिचय दिन,<br>● पुतलीबजार नगरपालिकाको धार्मिक बनावटको पहिचान गर्न, | ● पुतलीबजार नगरपालिकाको भौगोलिक अवस्थिति तथा क्षेत्रफल बताउन<br>● आफ्नो वडा कार्यालयबाट प्रदान गरिने सेवाहरूको जानकारी दिन<br>● पुतलीबजार नगरपालिकाको नक्सा बनाइ वडा विभाजन गर्न<br>● पुतलीबजारका मुख्य पूर्वाधारहरूको पहिचान गर्न<br>● पुतलीबजार नगरपालिकाको धार्मिक र जातीय बनावटको पहिचान गर्न | ● पुतलीबजार नगरपालिकाको भौगोलिक अवस्थिति तथा भौगोलिक स्वरूपको परिचय दिन<br>● नगरपालिकाबाट प्रदान गरिने मुख्य सेवाहरूको जानकारी दिन<br>● पुतलीबजार नगरपालिकाको नक्सा बनाइ वडा विभाजन गर्न<br>● पुतलीबजारका मुख्य पूर्वाधारहरूको परिचय दिन<br>● पुतलीबजार नगरपालिकाको धार्मिक, भाषिक र जातीय बनावटको पहिचान गर्न<br>● पुतलीबजार नगरपालिकाको जनसङ्ख्या र इतिहासको परिचय दिन |
| धार्मिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | ● पुतलीबजार नगरपालिका भित्र रहेका मुख्य धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको परिचय र महत्त्व बताउन<br>● पुतलीबजार नगरपालिका भित्र रहेका मुख्य सांस्कृतिक सम्पदा (गीत तथा | ● पुतलीबजार नगरपालिका भित्र रहेका मुख्य धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको परिचय र विशेषता बताउन<br>● पुतलीबजार नगरपालिका भित्र रहेका | ● पुतलीबजार नगरपालिका भित्र रहेका मुख्य धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको महत्त्व र विशेषता बताउन<br>● पुतलीबजार नगरपालिका भित्र रहेका सांस्कृतिक सम्पदा(गीत तथा नाच)हरूको |

| | | | |
|---|---|---|---|
| | नाच)हरूको परिचय र महत्त्व बताउन<br>● सांस्कृतिक सम्पदाहरूको संरक्षणमा सहभागी हुन | मुख्य सांस्कृतिक सम्पदा (गीत तथा नाच)हरूको परिचय र विशेषता बताउन<br>● सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्धनका उपायहरू बताउन | महत्त्व र विशेषता बताउन<br>● सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्धनका उपायहरू बताउन |
| प्राकृतिक सम्पदा र वातावरण | ● पुतलीबजार नगरपालिकाका खोला, नदी, वनजङ्गल, मैदान, गुफा, झरनाको परिचय दिई विशेषता बताउन<br>● पुतलीबजार नगरपालिकामा पाइने जीव जनावर चरा चुरुङ्गी किरा वनस्पति तथा जडीबुटीको सूचीकरण गर्न<br>● मानिस र वातावरणको अन्तरसम्बन्ध बताउन | ● पुतलीबजार नगरपालिकाका खोला, नदी, वनजङ्गल, मैदान, गुफा, झरनाको विशेषता र महत्त्व बताउन<br>● पुतलीबजार नगरपालिकामा पाइने जीव जनावर, चरा चुरुङ्गी, किरा, वनस्पति तथा जडीबुटीको सूचीकरण गरी महत्त्व बताउन<br>● वातावरण प्रदूषणका कारण र असर बताउन | ● पुतलीबजार खोला, नदी, वनजङ्गल, मैदान, गुफा, झरनाको अवस्थिति, विशेषता र महत्त्व बताउन<br>● पुतलीबजार नगरपालिकामा पाइने जीव जनावर चरा चुरुङ्गी किरा वनस्पति तथा जडीबुटीको परिचय दिई विशेषता बताउन<br>● हरित विद्यालयको अवधारणा बताउन<br>● विद्यालय र समुदायको वातावरण स्चच्छ राख्न |
| पर्यटन | ● पुतलीबजार नगरपालिकामा भएका मुख्य पर्यटकीय क्षेत्रहरूको महत्त्व र विशेषता बताउन<br>● पर्यटनको महत्त्व बताउन<br>● पर्यटकीय गतिविधिमा संलग्न हुन<br>● होमस्टे, पदयात्रा र प्याराग्लाइडिङको परिचय दिन | ● पुतलीबजार नगरपालिकामा भएका मुख्य पर्यटकीय क्षेत्रहरूको महत्त्व र विशेषता बताउन<br>● पर्यटनको महत्त्व बताउन<br>● पर्यटकीय गतिविधिमा संलग्न हुन<br>● होमस्टे पदयात्रा र प्याराग्लाइडिङ रक क्लाइम्बिङ तथा क्रस कन्ट्री रनिङको | ● पुतलीबजार नगरपालिकाले पर्ययटन प्रवर्धनमा अपनाउनु पर्ने उपायहरू बताउन<br>● पुतलीबजारका मुख्य पर्यटकीय क्षेत्रको विशेषता र अवस्थितिको जानकारी दिन<br>● होमस्टे पदयात्रा र प्याराग्लाइडिङ रक क्लाइम्बिङ तथा क्रस कन्ट्री रनिङका लागि उपयुक्त पुतलीबजारका स्थानहरूको पहिचान |

| | | | |
|---|---|---|---|
| | | परिचय दिन | गर्न |
| कृषि र पशुपालन | • पुतलीबजारमा लगाइने खाद्य बाली, नगदे बाली, तरकारी खेती, फलफूल खेतीको महत्त्व बताउन<br>• पुतलीबजार नगरपालिकाको पशुपालन पंक्षीपालन, माछापालन तथा केरा खेतीको अवस्था बताउन | • पुतलीबजारमा सुन्तला खेती कफी खेती तथा तरकारी खेतीको महत्त्व बताउन<br>• पुतलीबजार नगरपालिकामा तरकारी र फलफूल र  खेतीको सम्भावना बताउन<br>• पशु, पंक्षी, माछापालनको महत्त्व बताउन | • व्यवसायिक तरकारी खेती, फलफूल खेती तथा पशुपालनको परिचय र महत्त्व बताउन<br>• पुतलीबजारमा तरकारी खेती फलफूल खेती पशुपालन तथा पंक्षीपालनका चुनौतीहरू पहिचान गर्न<br>• कृषि पेसा गर्नेहरूका समस्याहरूको पहिचान गर्न |
| उद्यमशीलता | • पुतलीबजार नगरपालिकामा भएका विभिन्न पेसा, व्यवसायहरूको वर्गीकरण गर्न<br>• विभिन्न पेसा व्यवसाय अपनाएका मानिसहरूका समस्याहरू बताउन<br>• पुतलीबजारमा भएका स्थानीय प्रविधि र घरेलु उद्योगका विशेषताहरू बताउन | • नगर क्षेत्रका विभिन्न पेसा व्यवसाय गर्ने मानिसहरूका समस्या समाधानका उपायहरू बताउन<br>• स्थानीय प्रविधिको संरक्षण र संवर्धन गर्ने उपायहरूको खोजी गर्न<br>• घरेलु उद्योगको महत्त्व बताउन | • पुतलीबजारमा प्रचलित परम्परागत प्रविधिको महत्त्व बताउन<br>• परम्परागत प्रविधि र आधुनिक प्रविधिको तुलना गर्न<br>• घरेलु उद्योगको विकास र बिस्तारका उपायहरूको खोजी गर्न |
| सरसफाइ र फोहोर व्यवस्थापन | • फोहोर व्यवस्थापनका उपायहरू पहिचान गरी पालना गर्न<br>• पानीका स्रोतहरू सफा राख्ने उपायहरू बताउन<br>• सामुदायिक सरसफाइका क्रियाकलापमा संलग्न हुन | • फोहोरमैलाले समुदायमा पार्ने नकारात्मक असर बताउन<br>• फोहोरमैला व्यवस्थापनमा व्यक्ति परिवार, समुदाय र विद्यालयको भूमिका बताउन<br>• समुदायलाई स्वच्छ राख्ने उपायहरूको खोजी गर्न | • सरसफाइ र फोहोर व्यवस्थापनमा स्थानीय सरकारको भूमिका बताउन<br>• सामुदायिक सरसफाइका बारे बताउन<br>• सफा गाउँ र सहरको अवधारणा बताउन |

| | | | |
|---|---|---|---|
| स्थानीय खेल शिक्षा र स्वास्थ्य | ● पुतलीबजारमा खेलिने स्थानीय खेलहरूको अभ्यास गर्न<br>● गुरुकुल, मदरसा, गुम्बा शिक्षाको सामान्य परिचय दिन<br>● प्राविधिक शिक्षाको महत्त्व बताउन<br>● मोबाइल तथा कम्प्युटरमा सिकाइका सामग्रीहरूको खोजी गर्न<br>● योगका आसनहरूको अभ्यास गर्न<br>● प्राकृतिक उपचारको महत्त्व बताउन | ● पुतलीबजारमा खेलिने स्थानीय खेलहरूको नियमको पालना गरी अभ्यास गर्न<br>● गुरुकुल, मदरसा, गुम्बा शिक्षाको परिचय दिन<br>● प्राविधिक शिक्षाको महत्त्व बताउन<br>● मोबाइल तथा कम्प्युटरमा सिकाइका सामग्रीहरूको खोजी गर्न<br>● योगका आसनहरूको अभ्यास गर्न<br>● प्राकृतिक उपचारको महत्त्व बताउन | ● स्थानीय खेलहरूको महत्त्व बताउन<br>● स्थानीय खेलहरूको संरक्षणका उपायहरू बताउन क्रियाकलापमा संलग्न हुन<br>● योगका आसनहरूको अभ्यास गर्न<br>● साइबर अपराधको परिचय दिन<br>● मोबाइल फोनको उचित प्रयोग गर्ने उपायहरू बताउन<br>● प्राकृतिक उपचारको विशेषता र महत्त्व बताउन |
| दुर्घटना र विपत् व्यवस्थापन | ● घर, सडक, विद्यालय, खेतबारी, खोलामा हुन सक्ने दुर्घटनाहरूबाट बच्न<br>● ट्राफिक नियमको पालना गर्न<br>● बाढी, पहिरो,आगलागी, हावाहुरी, भूकम्पबाट सचेत रहन<br>● विपतको समयमा अपनाउनु पर्ने सावधानीहरूको पालना गर्न | ● दुर्घटना तथा सडक दुर्घटना न्युनीकरणका उपायहरू बताउन<br>● विपत् पूर्वको समयमा अपनाउनु पर्ने सावधानीहरूको पालना गर्न<br>● ट्राफिक नियमको पालना गर्न | ● दुर्घटना तथा सडक दुर्घटना न्युनीकरणका उपाय अपनाउन<br>● विपतको समयमा उद्धारका क्रियाकलापमा सहभागी हुन<br>● विपत व्यवस्थापनको योजना निर्माण गर्न<br>● ट्राफिक नियमको पालना गर्न |
| सामाजिक मूल्य मान्यता संस्कृति र प्रेरक व्यक्तित्व | ● आफ्नो वडामा रहेका जातीय संस्कारको जानकारी दिन | ● पुतलीबजार नगरपालिकामा बस्ने मानिसहरूको मुख्य जातीय | ● पुतलीबजारमा बसोबास गर्ने जातिहरूको जन्म विवाह तथा मृत्यु संस्कारको परिचय दिन |

| | | | |
|---|---|---|---|
| | ● पुतलीबजारमा लाग्ने मेला महोत्सव र चाडपर्वको परिचय दिन<br>● पुतलीबजारमा बसोबास गर्ने मानिसहरूले लगाउने मौलिक पहिरन, गहना तथा परम्परागत खानाका परिकारहरूको पहिचान गर्ने<br>● आफ्नो वडाका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका प्रेरक व्यक्तिहरूको परिचय दिन | संस्कारहरूको जानकारी दिन<br>● पुतलीबजारमा लाग्ने मेला महोत्सव र चाडपर्वको महत्त्व बताउन<br>● परम्परागत पहिरन तथा स्थानीय खानाका परिकारको महत्त्व बताउन<br>● आफ्नो छिमेकी वडाका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका प्रेरक व्यक्तिहरूको परिचय दिन | ● पुतलीबजारमा मनाइने चाडपर्व र तिनको महत्त्व<br>● स्थानीय तथा परम्परागत खानाका परिकारहरूको संरक्षणका उपायहरू बताउन<br>● पुतलीबजारका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका प्रेरक व्यक्तिहरूको परिचय दिन |
| संस्कार शिक्षा | ● उचित तरिकाले अभिवादन गर्न<br>● सबैसँग विनम्रतापूर्वक व्यवहार गर्न<br>● आफूभन्दा सानालाई माया र ठुलालाई सम्मान गर्न<br>● सदाचारका उपायहरू अवलम्बन गर्न<br>● अतिथिहरूको सत्कार गर्ने तरिकाहरूको अवलम्बन गर्न<br>● सबै खालको श्रमप्रति सधैँ सकारात्मक सोंच राखी श्रमको सम्मान गर्न<br>● मितव्ययी जीवनशैली अपनाउन<br>● बचत गर्ने बानीको विकास गर्न | ● उचित तरिकाले अभिवादन गर्न,<br>● सबैसँग शिष्ट शालीन र विनम्रतापूर्वक व्यवहार गर्न<br>● आफूभन्दा सानालाई माया र ठुलालाई सम्मान गर्न<br>● सदाचारका उपायहरू अवलम्बन गर्न<br>● अतिथिहरूको सत्कार गर्ने तरिकाहरूको अवलम्बन गर्न<br>● सबै खालको श्रमप्रति सधैँ सकारात्मक सोंच राखी श्रमको सम्मान गर्न<br>● मितव्ययी व्यवहारको पालना गर्न | ● उचित तरिकाले अभिवादन गर्न<br>● सबैसँग शिष्ट, शालीन र विनम्रतापूर्वक व्यवहार गर्न<br>● आफूभन्दा सानालाई माया र ठुलालाई सम्मान गर्न<br>● सदाचारका उपायहरू अवलम्बन गर्न<br>● अतिथिहरूको सत्कार गर्ने तरिकाहरूको अवलम्बन गर्न<br>● सबै खालको श्रमप्रति सधैँ सकारात्मक सोंच राखी श्रमको सम्मान गर्न<br>● मितव्ययी व्यवहारको पालना गर्न |

| | | | |
|---|---|---|---|
| | | • बचत गर्ने बानीको विकास गर्न | • बचत गर्ने बानीको विकास गर्न<br>• धैर्य र सहनशील हुन |
| जीवनोपयोगी सिप | • घर परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा अनुशासनको पूर्ण पालना गर्न<br>• स्वच्छ ताजा र स्वस्थ खानेकुराहरू(उचित आहारविहार)को सेवन गर्न<br>• विद्यालय परिवार तथा समुदायमा एकापसमा सहयोग गर्न<br>• द्वन्द्व र तनावको परिचय दिन<br>• कक्षाकोठा, विद्यालय, परिवार, छिमेक तथा समुदायमा समानुभूतिपूर्ण व्यवहारको अवलम्बन गर्न | • सबै ठाउँमा अनुशासनको पूर्ण पालना गर्न<br>• जङ्कफुड नखाइ स्वस्थ खानेकुराहरूको सेवन गर्न<br>• एकापसमा सहयोग आदानप्रदान गर्न<br>• द्वन्द्व र तनावको कारण पहिचान गर्न<br>• कक्षाकोठा विद्यालय परिवार छिमेक तथा समुदायमा समानुभूतिपूर्ण व्यवहारको अवलम्बन गर्न | • सबै ठाउँमा अनुशासनको पूर्ण पालना गर्न<br>• स्वस्थ खानेकुरामा हुनुपर्ने गुणहरू बताउन<br>• एकापसमा सहयोग आदानप्रदान गर्न<br>• द्वन्द्व र तनाव व्यवस्थापनका उपायहरूको खोजी गरी पालना गर्न<br>• सबै मानिसहरूप्रति समानुभूतिपूर्ण व्यवहारको पालना गर्न |

## ६. विषयवस्तुको क्षेत्र क्रम र विस्तृतीकरण

**कक्षा १**

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | शैक्षणिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| पुतलीबजार नगरपालिकाको परिचय | • आफू बसोबास गरेको गाउँ / टोलको नाम बताउन<br>• आफ्नो कक्षाका साथीहरूको थर पहिचान गर्न<br>• आफ्नो घर र विद्यालय वरपरको बाटो र बस्तीको पहिचान गर्न<br>• आफू बसोबास गरेको नगरपालिकाको नाम बताउन | विद्यार्थीको आफ्नो गाउँ टोल, कक्षाका विद्यार्थीहरूको नाम थर, विद्यालय वरपरको बाटो , बस्ती र नगरपालिकाको नाम | चित्र, पोस्टर, फोटो | प्रत्येक विद्यार्थीलाई पालैपालो आफ्नो गाउँ /टोलको नाम भन्न लगाउने,<br>कक्षाका सबै विद्यार्थीलाई नाम र थर भन्न लगाउने,<br>सबै विद्यार्थीको थर शब्दपत्तीमा लेख्न लगाइ एका आपसमा साटासाट गरी पढ्न लगाउने,<br>विद्यार्थीको आफ्नो घर वरपरको बाटो र बस्तीको नाम भन्न लगाउने,<br>विद्यालय वरपरको बाटो र वस्तीको जानकारी दिने,<br>पुतलीबजार नगरपालिकाको नाम चार्टमा लेखी पढ्न लगाउने। | प्रश्नोत्तर, व्यवहार अवलोकन | १५ |
| धार्मिक ऐतिहासिक तथा सांस्कृतिक | • आफ्नो गाउँ वरपर भएका धार्मिक स्थलहरूको नाम बताउन | विद्यार्थीको गाउँ वरपरका धार्मिक, स्थलहरू , | फोटो, भिडियो, पोस्टर | प्रत्येक विद्यार्थीलाई आफ्नो गाउँ वरपर भएका मठ, मन्दिर, चर्च, गुम्बा, मस्जिद तथा ऐतिहासिक | प्रश्नोत्तर, व्यवहार अवलोकन | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सम्पदा | • आफ्नो गाउँ वरपर भएका ऐतिहासिक  सम्पदाहरूको पहिचान गर्न | ऐतिहासिक सम्पदाहरू | चार्ट | सम्पदाको नाम भन्न लगाउने र छलफल गर्ने,<br>फोटो, भिडियो, चार्टको प्रयोग गरी धार्मिक स्थल तथा ऐतिहासिक सम्पदाको बारेमा जानकारी दिने | | |
| प्राकृतिक सम्पदा र वातावरण | • आफ्नो गाउँ टोल वरपरका खोला र पोखरीको नाम बताउन<br>• आफ्नो गाउँ टोल वरपर पाइने जनावर, चराचुरुङ्गी र वनस्पतिहरूको पहिचान गर्न | विद्यार्थीको गाउँ टोल वरपरका खोला, पोखरी, पशु, पंक्षी र वनस्पति | फोटो, भिडियो, पोस्टर, चार्टहरू, मोडेलहरू | विद्यालय वरपरका खोला र पोखरीको नाम भन्न लगाउने ,<br>विद्यार्थीहरूलाई विद्यालय वरपर स्थलगत अवलोकन गर्न लगाइ खोला र पोखरीको नाम बताउने,<br>विद्यार्थीले घर वरपर देखेका जनावर चराहरू तथा रुख विरुवाहरूको नाम भन्न लगाउने,<br>चित्र पत्ती शब्दपत्ती फोटो भिडियो तथा चार्टको प्रयोग गरी जनावर, चरचुरुङ्गी तथा बोटविरुवाको बारेमा जानकारी दिने। | प्रश्नोत्तर, व्यवहार अवलोकन | १२ |
| पर्यटन | • आफ्नो गाउँ टोल वरपर रहेका पर्यटकीय स्थलहरूको पहिचान गर्न<br>• पर्यटकहरूलाई पहिचान गर्न | पर्यटकीय स्थलहरू तथा पर्यटक | फोटो, भिडियो, पोस्टर | विद्यार्थीहरूलाई आफ्नो गाउँ टोल वरपर मानिसहरू घुम्न आउने, वनभोज खाने ठाउँको नाम भन्न लगाउने, | प्रश्नोत्तर, व्यवहार अवलोकन | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थीको गाउँ टोल वरपर भएका पर्यटकीय स्थलहरूको बारेमा फोटो भिडियो तथा स्थलगत अवलोकन गराएर जानकारी दिने,<br>पर्यटकको फोटो देखाई विद्यार्थीहरूलाई घुम्न आउने मानिसहरू पर्यटकहरू हुन भनी जानकारी दिने । | | |
| कृषि र पशुपालन | • आफ्नो गाउँ टोल वरपर लगाइने खाद्य बाली र तरकारी बालीको नाम बताउन<br>• आफ्नो गाउँ टोल वरपर पाइने फलफूलहरू तथा पालिने घरपालुवा जनावरहरूको पहिचान गर्न | खाद्य बाली (धान, कोदो, मकै आदि ) तरकारी बाली (आलु ,काउली, टमाटर, घिरौंला ,बोडी आदि ) फलफूल (सुन्तला, अम्वा, केरा, आरु आदि) घरपालुवा जनावरहरू (गाई, भैंसी, बाख्रा, कुखुरा) | फोटो, भिडियो, पोस्टर, तरकारी फलफूलका मोडलहरू | बालबालिकाहरूलाई आफ्नो घर वरपर लगाइने खाद्य बालीको बारेमा भन्न लगाउने,<br>धान, कोदो र मकैको चित्र देखाई यी खाद्य बालीबाट भात, रोटी, ढिंडो जस्ता खानेकुरा बन्छन् भनेर जानकारी दिने,<br>विद्यार्थीहरूलाई आफूले देखेका तरकारीहरूको नाम भन्न लगाइ तरकारीहरूको चित्र भिडियो देखाई तरकारीहरूको नाम बताउने,<br>विद्यार्थीहरूलाई आफूले देखेका | प्रश्नोत्तर, व्यवहार अवलोकन, परियोजना कार्य | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | फलफूलहरूको नाम भन्न लगाइ आफ्नो गाउँ टोलमा फल्ने फलफूलहरूको बारेमा जानकारी दिने,<br>विद्यार्थीहरूलाई घरमा पालिने जनावरहरूको नाम भन्न लगाउने,<br>विद्यार्थीहरूलाई आफ्नो गाउँ टोलमा पाइने खाद्य बाली तरकारी बाली फलफूल तथा घरपालुवा जनावरको नाम संकलनका लागि परियोजना कार्य दिने। | | |
| उद्यमशीलता | • आफ्नो गाउँ टोल छरछिमेकका मानिसहरूले गरेका पेसा व्यवसायहरूको पहिचान गर्न<br>• आफ्नो गाउँ टोल छरछिमेकमा रहेका स्थानीय प्रविधिको नाम बताउन | समुदायका मानिसहरूले गर्ने पेसा (कृषि, शिक्षण, डाक्टर, व्यापारी आदि)<br>स्थानीय प्रविधिहरू (डोको, नाम्लो आदि) | चित्र, भिडियो, पोस्टर, चार्टहरू | विद्यार्थीलाई आआफ्नो घरका मानिसहरूले गर्ने पेसा व्यवसाय भन्न लगाउने,<br>विद्यार्थीलाई आफ्नो छिमेक र टोलका मानिसहरूले गर्ने पेसा व्यवसाय भन्न लगाउने ,<br>विभिन्न पेसा गर्ने मानिसहरूको फोटो वा भिडियो देखाउने,<br>विद्यार्थीलाई आफ्नो टोल छिमेकमा रहेका स्थानीय प्रविधिको नाम भन्न लगाउने, | प्रश्नोत्तर, व्यवहार अवलोकन | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | डोको नाम्लो जस्ता स्थानीय प्रविधिको फोटो वा भिडियो देखाइ स्पष्ट जानकारी गराउने, विद्यालयमा रहेका र विद्यालय वरपर रहेका स्थानीय प्रविधिको जानकारी दिन स्थलगत अवलोकन गराउने । | | |
| सरसफाइ र फोहोर व्यवस्थापन | • व्यक्तिगत सरसफाइ गर्न<br>• आफूले उत्पादन गरेको फोहोरको व्यवस्थापन गर्न | सरसफाइ सरसफाइका सामग्रीहरू फोहोरको व्यवस्थापन | फोटो , भिडियो, पोस्टर, कागजका टुक्रा, डस्टबिन | विद्यार्थीहरूको व्यक्तिगत सरसफाइको अवस्था अवलोकन गर्ने,<br>प्रत्येक विद्यार्थीलाई व्यक्तिगत सरसफाइका क्रियाकलाप हात खुट्टा धुने , नङ काट्ने गरे नगरेको सोधपुछ गरी छलफल गराउने,<br>सबै विद्यार्थीलाई कागजका टुक्राहरू दिइ फाल्न लगाउने,<br>कागजका टुक्रा डस्टबिनमा फाल्ने विद्यार्थीलाई धन्यवाद दिंदै डस्टबिनभन्दा बाहिर फाल्ने विद्यार्थीलाई फोहोरमैला डस्टबिनमा फाल्नु पर्छ भनी सिकाउने । | प्रश्नोत्तर, व्यवहार अवलोकन, अभिभावकसँग सोधपुछ | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थानीय खेल शिक्षा र स्वास्थ्य | • आफ्नो गाउँ टोलमा खेलिने स्थानीय खेलको पहिचान गर्न | स्थानीय खेलहरू | फोटो, चार्टहरू, पोस्टर, खेलका सामग्रीहरु | गाउँ टोलमा खेल्ने स्थानीय खेलहरूको नाम भन्न लगाउने, स्थानीय खेलहरूको फोटो तथा चार्ट देखाइ स्थानीय खेलको नाम सोध्ने, स्थानीय खेलहरूको अभ्यास गराउने । | प्रश्नोत्तर, व्यवहार अवलोकन | १२ |
| दुर्घटना र विपत् व्यवस्थापन | • घर तथा विद्यालयमा हुन सक्ने दुर्घटनाबाट बच्ने उपायहरूको अभ्यास गर्न | घरमा हुन सक्ने दुर्घटना (आगोले पोल्नु, सिंढीमा लड्नु आदि) विद्यालयमा हुन सक्ने दुर्घटनाहरू | फोटो चार्टहरू भिडियो पोस्टर | घरमा घट्न सक्ने दुर्घटनाहरूको चित्र वा भिडियो देखाउने, विद्यार्थीहरूलाई को कसलाई चोटपटक लागेको छ भनी सोध्ने घरमा के के दुर्घटना हुन्छ भनी छलफल गराउने र अनुभव आदानप्रदान गराउने, घरमा हुन सक्ने दुर्घटना आगोले पोल्नु ,सिंढीमा लड्नु जस्ता दुर्घटनाबाट बच्ने उपायहरूको बारेमा जानकारी दिने, विद्यालय भित्र र बाहिर दुर्घटना हुन सक्ने ठाउँको अवलोकन गराई दुर्घटनाको अभिनय अभ्यास गराउने | प्रश्नोत्तर, व्यवहार अवलोकन | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामाजिक मूल्य मान्यता संस्कृति र प्रेरक व्यक्तित्व | • आफ्नो परिवारमा पकाइने खानाका परिकारहरूको नाम बताउन<br>• आफ्नो परिवारले मनाउने चाडपर्वहरूको नाम बताउन<br>• आफ्नो परिवार र छरछिमेकका मानिसहरूले लगाउने मौलिक पहिरनको नाम बताउन | स्थानीय खानाका परिकारहरू, चाडपर्वहरू, पहिरनहरू | फोटो, चार्टहरू, भिडियो | विद्यार्थीहरूलाई तपाईले के के खाने कुरा खानु भएको छ भनी अनुभव आदानप्रदान गर्न लगाउने,<br>खानाका विभिन्न परिकारहरूको फोटो वा भिडियो देखाई घरमा पकाइने खानाका परिकारहरूको जानकारी दिने,<br>विद्यार्थीहरूलाई आफ्नो परिवारमा मनाउने चाडपर्वको नाम भन्न लगाउने,<br>विभिन्न चाडपर्वहरू झल्कने फोटो वा भिडियो देखाई विद्यार्थीलाई आफ्नो परिवारले मनाउने चाडपर्वको पहिचान गर्न लगाउने,<br>आफू, आफ्नो परिवार र छिमेकीले लगाउने पहिरनहरूको बारेमा भन्न लगाउने,<br>विद्यार्थीहरूलाई मौलिक पहिरनहरूको फोटो वा भिडियो देखाइ जानकारी दिने। | प्रश्नोत्तर<br>व्यवहार<br>अवलोकन<br>परियोजना कार्य | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संस्कार शिक्षा | • परिवार छिमेक र विद्यालयमा सामान्य अभिवादन गर्न<br>• आफूभन्दा सानालाई माया ममता र ठुलाालाई सम्मानजनक व्यवहार गर्न<br>• कक्षा तथा छिमेकका साथीहरूसँग मिलेर बस्न तथा खेल्न<br>• नम्र  व्यवहार गर्न<br>• घरमा आउने पाहुनालाई आदर सम्मान गर्न | अभिवादन (नमस्कार,  ढोग , दर्शन आदि)<br>सानालाई माया र ठुलालाई सम्मान<br>मिलेर बस्ने<br>नम्र व्यवहार | फोटो, चार्टहरू, भिडियो, पोस्टर | अभिनय मार्फत अभिभावदन सिकाउने,<br>शिष्टाचार सम्बन्धी फोटो प्रदर्शन गर्ने,<br>विद्यार्थीहरूलाई नाता अनुसारको शिष्टाचार गर्न लगाउने,<br>विद्यार्थीहरूलाई समूहमा विभाजन गरी साथीहरूसँग घुलमिल हुन मिलेर बस्न मिलेर खेल्ने क्रियाकलापमा संलग्न गराउने,<br>नाता अनुसारको सम्मान र सम्बोधन सम्बन्धी क्रियाकलाप गराउने,<br>साना भाइबहिनीहरूलाई माया गर्ने क्रियाकलापमा संलग्न गराउने | प्रश्नोत्तर, व्यवहार अवलोकन, अभिभावकसँग अन्तरक्रिया | २० |
| जीवनोपयोगी सिप | • घर, परिवार, छिमेक, कक्षाकोठा तथा विद्यालयमा अनुशासनको पालना गर्न<br>• परिवार छिमेक तथा कक्षााकोठामा सहयोग आदान प्रदान गर्न | अनुशासन र मेलमिलापका क्रियाकलाप, स्वस्थ खाना | फोटो, चार्टहरू, भिडियो, चार्ट | विद्यार्थीहरूलाई घरमा के के गर्न हुन्छ के गर्नु हुँदैन भनी छलफल गराउने,<br>विद्यार्थीहरूले घर परिवार छिमेकमा के कस्ता राम्रा काम गर्नुभएको छ भनी भन्न लगाउने, | प्रश्नोत्तर, व्यवहार अवलोकन, अभिभावकसँग अन्तरक्रिया | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • स्वस्थ खानेकुराहरु खान | | | घर परिवार र छिमेकमा अनुशासनमा रहनका लागि गर्नुपर्ने कामहरूको बारेमा जानकारी दिने,<br>अनुशासन झल्कने फोटो वा भिडियो प्रदर्शन गराउने,<br>अनुशासित व्यवहारको अभिनय गर्न लगाउने,<br>विद्यालय र कक्षाकोठामा अनुशासनको पालनाको अभ्यास गराउने,<br>विद्यार्थीहरूलाई साथीहरूलाई सहयोग गर्नुपर्छ भन्ने भावनाको विकास गराउन सहयोगका क्रियाकलापहरूमा सहभागी गराउने,<br>विद्यार्थीहरूलाई आफूले खाने गरेका खानाकुराहरू भन्न लगाउने,<br>चित्र वा भिडियो प्रदर्शन गरी स्वस्थ र अस्वस्थ खानेकुराहरूको जानकारी गराउने। | | |

**कक्षा २**

| **विषय क्षेत्र** | **सिकाइ उपलब्धि** | **विषयको विस्तृतीकरण** | **शैक्षणिक सामग्री** | **सिकाइ सहजीकरण** | **मूल्याङ्कन प्रक्रिया** | **पाठ्य घण्टा** |
|---|---|---|---|---|---|---|
| पुतलीबजार नगरपालिकाको परिचय | • आफना छिमेकी टोलहरूको सामान्य परिचय दिन<br>• आफ्नो कक्षाका साथीहरूको धर्म , जाति र मातृभाषा पहिचान गर्न<br>• आफ्नो घर र विद्यालय रहेको वडाको नाम बताउन<br>• आफ्नो वडाका वडा अध्यक्षको नाम बताउन | विद्यार्थीको छिमेकी गाउँ टोल, कक्षाका विद्यार्थीहरूको धर्म, जाति र मातृभाषा विद्यार्थीको घर र विद्यालय रहेको वडा र वडा अध्यक्षको नाम | फोटो, पोस्टर, भिडियो, चार्टहरू | प्रत्येक विद्यार्थीलाई पालैपालो आफ्नो छिमेकी गाउँ टोलको नाम भन्न लगाउने,<br>कक्षाका सबै विद्यार्थीको धर्म,जाति र मातृभाषा भन्न लगाउने,<br>सबै विद्यार्थीको धर्म, जाति र मातृभाषा शब्दपत्तीमा लेख्न लगाइ एका आपसमा साटासाट गरी पढ्न लगाउने,<br>विद्यार्थीलाई आफ्नो घर र विद्यालय रहेको वडा नम्बर भन्न लगाइ छलफल गराउने,<br>आफ्नो वडाका वडा अध्यक्षको नाम भन्न लगाइ वडा अध्यक्षको फोटो देखाइ पहिचान गर्न लगाउने,<br>पुतलीबजार नगरपालिकाको नाम चार्टमा लेखी पढ्न लगाउने। | प्रश्नोत्तर, व्यवहार अवलोकन | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| धार्मिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | • आफ्नो वडामा भएका धार्मिक स्थलहरूको नाम बताउन<br>• आफ्नो वडामा भएका ऐतिहासिक सम्पदाहरूको पहिचान गर्न | धार्मिक स्थलहरू (मन्दिर ,मस्जिद, गुम्बा, चर्चहरू ) ऐतिहासिक सम्पदाहरू | फोटो, भिडियो, पोस्टर, चार्ट | प्रत्येक विद्यार्थीलाई आफ्नो वडामा भएका मठ, मन्दिर, चर्च, गुम्बा , मस्जिद तथा ऐतिहासिक सम्पदाको नाम भन्न लगाउने र छलफल गराउने,<br>चित्रपत्ती शब्दपत्ती फोटो भिडियो चार्टको प्रयोग गरी धार्मिक स्थल ऐतिहासिक सम्पदाको बारेमा जानकारी दिने,<br>नजिकको धार्मिक तथा ऐतिहासिक स्थलहरूको अवलोकन गराइ सम्पदाको बारेमा जानकारी गराउने। | प्रश्नोत्तर व्यवहार अवलोकन | १२ |
| प्राकृतिक सम्पदा र वातावरण | ● पुतलीबजार नगरपालिकाका खोला, नदी, वनजङ्गल, मैदान, गुफा, झरनाको परिचय दिई विशेषता बताउन<br>● पुतलीबजार नगरपालिकामा पाइने जीव जनावर चरा चुरुङ्गी किरा वनस्पति तथा जडीबुटीको सूचीरकरण गर्न<br>● मानिस र वातावरणको अन्तरसम्बन्ध बताउन | नगरभित्र रहेका आँधीखोला, बाडखोला, अरौधी खोला, गुडीखोला, कैलाश गुफा, हुनिकोट शिव गुफा खर्सु झरना तथा सतौँ मैदानको परिचय र विशेषता,<br>नगर क्षेत्रभित्र पाइने जीव जनावर, चरा चुरुङ्गी , किरा वनस्पति तथा महत्त्वपूर्ण जडीबुटी,<br>स्थानीय वातावरण परिचय र मानव सम्बन्ध | चित्र, पम्प्लेट, वृत्तचित्र, श्रव्य दृश्य सामग्री | शिक्षकले पुतलीबजार नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक सम्पदा समेट्ने खालका फोटा, वृत्त चित्र प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने,<br>विद्यार्थीबाट नगर क्षेत्रभित्रका सम्पदा भन्नका लागि प्रेरित गर्ने, प्रतिक्रिया लिने,<br>क्षेत्र भ्रमण गराई वातावरण, वनस्पति, जडीबुटी जस्ता विषयमा परियोजना कार्य दिई प्रस्तुत गर्न लगाउने,<br>शिक्षकले आवश्यकता अनुसार पृष्ठपोषण दिने । | क्षेत्र भ्रमण प्रतिवेदन, परियोजना कार्यको प्रस्तुति, लिखित तथा मौखिक प्रश्नोत्तर | १० |
| पर्यटन | ● पुतलीबजार नगरपालिकामा भएका मुख्य पर्यटकीय क्षेत्रहरूको महत्त्व र विशेषता बताउन<br>● पर्यटनको महत्त्व बताउन | नगरका प्रमुख पर्यटकीय (कोल्माकोट, हुनिकोट, चण्डीथान, दयाङ्दी सेल्फीडाँडा आदि) | पर्यटकीय स्थलका चित्र, चार्ट, ब्रोसर, सूची, | पुतलीबजारको नक्सा प्रस्तुत गरी नगर क्षेत्रभित्रका प्रमुख पर्यटकीय स्थलको पहिचान गर्न लगाई प्रतिक्रिया लिने, छलफल गराउने, | क्षेत्र भ्रमण प्रतिवेदन, कक्षा कार्य, लिखित तथा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● पर्यटकीय गतिविधिमा संलग्न हुन<br>● होमस्टे, पदयात्रा र प्याराग्लाइडिङको परिचय दिन | स्थलको, महत्त्व र विशेषता,<br>पर्यटनको महत्त्व,<br>गतिविध र सहभागिता,<br>होमस्टे, पदयात्रा र प्याराग्लाइडिङको परिचय | पर्यटक पथप्रदर्शक चार्ट | क्षेत्र भ्रमण गराउने,<br>विद्यार्थीलाई समूह विभाजन गरी पर्यटनको महत्त्वबारे संवाद, नगर भित्र पर्यटकीय गतिविधि, होमस्टेका लगायतका विषयमा परियोजना कार्य गर्न लगाउने,<br>शिक्षकले आवश्यकता अनुसार पृष्ठपोषण दिने | मौखिक प्रश्नोत्तर, व्यवहार अवलोकन, अनुभव लेखन, परियोजना कार्य | |
| कृषि र पशुपालन | ● पुतलीबजारमा लगाइने खाद्य बाली, नगदे बाली, तरकारी खेती, फलफूल खेतीको महत्त्व बताउन<br>● पुतलीबजार नगरपालिकमा पशु, पंक्षी, माछापालन तथा केरा खेतीको अवस्था बताउन | नगरमा लगाइने प्रमुख अन्न बाली (धान, मकै, गहुँ, कोदो आदि)<br>प्रमुख नगदेबाली (सुन्तला, कफी, केरा, अदुवा आदि)<br>प्रमुख तरकारी आलु बालीको महत्त्व,<br>भैंसी, कुखुरा, मौरीपालन, माछापालन र केरा खेतीको अवस्था | अन्नबाली, फलफूल, तरकारी, पशुपक्षीको बारेमा उल्लेख गरिएको बुकलेट, निर्माण गरिएको चार्ट, चित्र, वृत्तचित्र, भिडियो | पुतलीबजार नगरभित्र गरिने विभिन्न खेती, पशु तथा पंक्षीपालनको चित्र प्रदर्शन गरी प्रतिक्रिया लिने, छलफल गर्ने, विज्ञ आमन्त्रण गरी अभिमुखीकरण, खेतीबालीको प्रत्यक्ष अवलोकन,<br>विभिन्न खेती तथा पशुपालनका बारेमा उल्लेख गरिएका लेख, रचनाका बारेमा खोज तथा परियोजनाको प्रस्तुति र पृष्ठपोषण दिने। | लिखित तथा मौखिक प्रश्नोत्तर, परियोजना कार्यको सम्पादन | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उद्यमशीलता | ● पुतलीबजार नगरपालिकामा भएका विभिन्न पेसा व्यवसायहरूको वर्गीकरण गर्न<br>● विभिन्न पेसा, व्यवसाय अपनाएका मानिसहरूका समस्याहरू बताउन<br>● पुतलीबजारमा भएका स्थानीय प्रविधि र घरेलु उद्योगका विशेषताहरू बताउन | पुतलीबजार नगरभित्रका मानिसहरूले अपनाउने (कृषि, निर्माण, शिक्षण, पर्यटन, बित्त, सार्वजिनक सेवा आदि) पेसाहरूको वर्गीकरण,<br>ती पेसा व्यवसाय अपनाउने मानिसका समस्याहरू<br>स्थानीय प्रविधि (हलो, जुवा, ढिकी, जाँतो, दाँते आदि) का विशेषताहरू,<br>घरेलु उद्योगका विशेषताहरू | पेसा, व्यवसाय तथा उद्योगका चित्र, बुकलेट, अडियो, भिडियो, | सर्वप्रथम विद्यार्थीलाई स्थानीय, पेसा, व्यवसायका शब्द तथा चित्र प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने,<br>प्रतिक्रिया लिई आफू बसेको वरिपरि रहेका मानिसले अपनाउने पेसा, व्यसाय, प्रविधिको सूचीकरण गर्न लगाउने,<br>क्षेत्र भ्रमण गराई समूह निर्माण गरेर स्थानीय प्रविधिको नाम र काम, विभिन्न पेसाका देखिएका समस्या जस्ता विषयमा परियोजना दिई प्रस्तुत गर्न लगाउने, आवश्यकताअनुसार छलफल र पृष्ठपोषण प्रदान गर्ने। | समूह कार्यको समीक्षा, लिखित तथा मौखिक प्रश्नोत्तर, परियोजना कार्यको सम्पादन | ८ |
| सरसफाइ र फोहोर व्यवस्थापन | ● फोहोर व्यवस्थापनका उपायहरू पहिचान गरी पालना गर्न<br>● पानीका स्रोतहरू सफा राख्ने उपायहरू बताउन<br>● सामुदायिक सरसफाइका क्रियाकलापमा संलग्न हुन | फोहोरमैलाको परिचय र प्रकार,<br>व्यवस्थान गर्ने तरिका– कम गर्ने, पुनःप्रयोग, प्रशोधन गर्ने,<br>पानीका स्रोत (कुवा, पँधेरा, इनार, खोला) | विभिन्न, फोहोर तथा पानीका स्रोतको चित्र तथा भिडियो, पानीका | घर, बाटो, विद्यालय तथा सार्वजनिक स्थलमा हुने फोहोर र व्यवस्थापनका चित्र देखाई त्यसबारे मष्तिस्क मन्थन गराउने, विद्यार्थीबाट प्राप्त प्रतिक्रिया लिई नकुहिने तथा कुहिने फोहोरको व्यवस्थापन, आफ्ना वरपरका | घर, विद्यालय तथा सार्वजनिक स्थलमा हुने फोहोरलाई जैविक र अजैविकमा वर्गीकरण गरी सूची प्रस्तुत गर्न | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सफा राख्ने तरिका, घर, बाटो तथा सार्वजनिक स्थलमा हुने फोहोरमैला व्यवस्थापनमा विद्यार्थीको भूमिका | भ्रमण, नकुहिने फोहोरबाट निर्मित सामग्री, कुहिने फोहोरबाट निर्मित कम्पोस्ट मलका चित्र तथा भिडियो | भएका पानीको स्रोत पहिचान तथा सफा राख्ने तरिकाका बारेमा समूह बनाई परियोजना कार्य गर्न लगाउने,<br>परियोजना प्रस्तुत गर्न लगाउने,<br>आवश्यकताअनुसार शिक्षकले पृष्ठपोषण प्रदान गर्ने । | लगाउने, सरसफाइ र फोहोरको व्यवस्थापन सम्बन्धी मौखिक तथा लिखित प्रश्नोत्तर गर्ने | |
| स्थानीय खेल शिक्षा र स्वास्थ्य | ● पुतलीबजारमा खेलिने स्थानीय खेलहरूको अभ्यास गर्न<br>● गुरुकुल मदरसा गुम्बा शिक्षाको सामान्य परिचय दिन<br>● प्राविधिक शिक्षाको महत्त्व बताउन<br>● मोबाइल तथा कम्प्युटरमा सिकाइका सामग्रीहरूको खोजी गर्न<br>● योगका आसनहरूको अभ्यास गर्न<br>● प्राकृतिक उपचारको महत्त्व बताउन | स्थानीय खेल (रुमाल लुकाई, बाघचाल, कुर्सी दौड) को परिचय र अभ्यास,<br>परम्परागत रूपमा सञ्चालित गुरुकुल, आश्रम, मदरसा, गुम्बा शिक्षाको परिचय,<br>प्राविधिक शिक्षाको महत्त्व,<br>शैक्षिक सामग्री निर्माण र | खेल, योगासन, प्राकृतिक उपचारका चित्र तथा भिडियो, परम्परागत शिक्षाका चित्र, मोबाइल तथा | शिक्षकले विद्यार्थीलाई स्थानीय स्तरमा खेलिने खेलका चित्र तथा शब्द प्रदर्शन गरी ध्यानाकर्षण गराउने,<br>विद्यार्थीबाट प्राप्त प्रतिक्रिया लिई रुमाल लुकाई, बाघचाल खेल तथा तरिका बताउन लगाई सामूहिक रूपमा खेलाउने,<br>परम्परागत रूपमा सञ्चालित शिक्षा, प्राकृतिक उपचार केन्द्र अवलोकन गराउने, | खेल खेलेर, आसन गरेर देखाउन लगाउने, लिखित तथा मौखिक प्रश्नोत्तर, परियोजना कार्यको प्रस्तुति तथा समीक्षा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | शिक्षणमा मोबाइल तथा कम्प्युटरको उपयोग,<br>योगका आसनहरू (पद्मासन, सिद्दासन, सुखासन)<br>प्राकृतिक उपचारको महत्त्व | कम्प्युटर | व्यक्तिगत तथा समूहमा मोबाइल र कम्प्युटरबाट विभिन्न शैक्षणिक सामग्रीको निर्माण गरी प्रस्तुत गर्न लगाउने, व्यक्तिगत तथा सामूहिक रूपमा योगका आसन अभ्यास गराउने, पृष्ठपोषण प्रदान गर्ने । | | |
| दुर्घटना र विपत् व्यवस्थापन | ● घर, सडक, विद्यालय, खेतबारी, खोलामा हुन सक्ने दुर्घटनाहरूबाट बच्न<br>● ट्राफिक नियमको पालना गर्न<br>● बाढी, पहिरो, आगलागी, हावाहुरी, भूकम्पबाट सचेत रहन<br>● विपतको समयमा अपनाउनु पर्ने सावधानीहरूको पालना गर्न | प्रकृति र मानवीय कमजोरीका कारण आउने विभिन्न विपत् तथा दुर्घटनाहरूको परिचय,<br>घर, सडक, विद्यालय, खेतबारी, खोलामा हुन सक्ने दुर्घटनाहरू र त्यसबाट बच्ने उपायहरू ,<br>ट्राफिक सङ्केत तथा तिनको पालना,<br>बाढी, पहिरो,आगलागी, हावाहुरी, भूकम्पका बखत अपनाउनु पर्ने सचेतता र सावधानी | विभिन्न विपत्ती तथा दुर्घटनाका चित्र, पोस्टर, सवारी चालक नियम तथा सुरक्षाका उपायहरूको पम्प्लेट | शिक्षकले विद्यार्थीलाई विभिन्न किसिमका विपत्, दुर्घटनाका चित्र प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने,<br>विपत् देखेका, भोगेका विद्यार्थीलाई अनुभव वर्णन गर्न लगाउने,<br>विज्ञ तथा अनुभवीसँग अन्तरक्रिया,<br>आगलागी, बाढी, पहिरो, डुबान, सडक दुर्घटना जस्ता विपत् न्युनीकरणका बारेमा विज्ञ, ट्राफिकसँग छलफल तथा विपतजन्य स्थानको अवलोकन गराई समूहगत रूपमा परियोजना | विभिन्न विपत् तथा दुर्घटनाको सूची तयार पार्न लगाउने,<br>विपत् न्युनीकरण तथा व्यवस्थापनका उपायहरूका बारेमा लिखित तथा मौखिक प्रश्नोत्तर गर्ने,<br>विपत् सम्बन्धी जनचेतनामूलक परियोजना कार्यको समीक्षा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रस्तुत गर्न गराउने,<br>पृष्ठपोषण प्रदान गर्ने । | | |
| सामाजिक मूल्य मान्यता संस्कृति र प्रेरक व्यक्तित्व | ● आफ्नो वडामा रहेका जातीय संस्कारको जानकारी दिन<br>● पुतलीबजारमा लाग्ने मेला महोत्सवको परिचय दिन<br>● पुतलीबजारमा बसोबास गर्ने मानिसहरूले लगाउने मौलिक पहिरन, गहना तथा परम्परागत खानाका परिकारहरूको पहिचान गर्न<br>● आफ्नो वडाका विभिन्न क्षेत्रमा योगदान पऱ्याएका प्रेरक व्यक्तिहरूको परिचय दिन | आफ्नो वडामा रहेका जातिको विवरण र जातिगत संस्कारहरू (जन्म, जातकर्म, विवाह, मृत्यु) , पुतलीबजारमा लाग्ने मेला ( पुस १५, शिवरात्री, वैशाखे/बुद्ध पूर्णिमा) हरूको परिचय, नगरका मौलिक पहिरन, गहना ,परम्परागत खानाका परिकारहरूको परिचय,<br>आफ्नो वडाको सामाजिक, राजनीतिक, शैक्षिक, आर्थिक, कला जस्ता क्षेत्रमा योगदान दिने व्यक्तिहरू | विभिन्न जाति तथा तिनका संस्कारको हाते पुस्तिका, पत्रपत्रिका, नगर वेबसाइट, महत्त्वपूर्ण योगदान दिएका व्यक्तिको व्यक्तिवृत्त | शिक्षकले विभिन्न जाति, चाडपर्व, खानाको सूची प्रस्तुत गरी ध्यानाकर्षण गराउने,<br>विद्यार्थीलाई आफ्ना वडामा रहेका<br>जाति तिनका चाडपर्व, रीतिरिवाज, चालचलन, पहिरन, खानाका बारेमा भन्न लगाउने,<br>विद्यार्थीको प्रतिक्रिया लिने,<br>समूह विभाजन गरी कार्य गरी प्रस्तुत गर्न लगाउने,<br>प्रेरक व्यक्तिका बारेमा परियोजना कार्य गर्न लगाउने<br>शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण दिने । | आफ्नो वडामा रहेका विभिन्न जातिका चालचलन, रीतिरिवाजका बारेमा लिखित तथा मौखिक प्रश्नोत्तर गर्ने,<br>वडामा रहेका कुनै एक व्यक्तिको बारेमा जीवनी तयार पार्न लगाउने | १२ |
| संस्कार शिक्षा | ● उचित तरिकाले अभिवादन गर्न<br>● सबैसँग विनम्रतापूर्वक व्यवहार गर्न | आफ्ना जातिअनुसार अतिथि, मान्यजन, समकक्षी व्यक्तिहरूलाई | संस्कार तथा विकृतिमूलक कार्यको | शिक्षकले विभिन्न आदर भाव झल्काउने चित्र तथा शब्द सूची प्रस्तुत गर्ने, | सिकाइ व्यवहार परिवर्तनको अभिलेख, | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● आफूभन्दा सानालाई माया र ठुलालाई सम्मान गर्न<br>● सदाचारका उपायहरू अवलम्बन गर्न<br>● अतिथिहरूको सत्कार गर्ने तरिकाहरूको अवलम्बन गर्न<br>● सबै खालको श्रमप्रति सधैँ सकारात्मक सोंच राखी श्रमको सम्मान गर्न<br>● मितव्ययी जीवनशैली अपनाउन<br>● बचत गर्ने बानीको विकास गर्न | उचित तरिकाले गरिने नमस्कार, प्रणाम , शुभकामना, बधाई, प्रशंसा अभिभावदनको प्रयोग,<br>व्यक्तिगत ,सामाजिक , विनम्र व्यवहारको परिचय र प्रयोग,<br>व्यक्तिअनुसार गरिने व्यवहार ,<br>सदाचार (सामाजिक मूल्य, मान्यता, आचरण) का उपायहरू,<br>अतिथि सत्कार परिचय , ,प्रकार र प्रयोग<br>श्रमको परिचयइज्जत र , ,कानुनी व्यवस्था<br>आर्थिक पारदर्शिता ,<br>बचत र मितव्ययी व्यवहार | प्रतिनिधित्व गर्ने चित्र,<br>उपदेशमूलक कथा,<br>पेस्टर, ई–जर्नल, घटना विवरण,<br>श्रव्यदृश्य,<br>प्रवचन | विद्यार्थीलाई चित्र तथा तस्विरका बारेमा मष्तिस्क मन्थन गर्न लगाउने,<br>आलोपालो प्रतिक्रिया लिने,<br>समूह विभाजन गरी आफ्नो समाज तथा समुदायमा गरिने आदर, श्रम व्यवहार, सदाचार जस्ता विषयमा परियोजना दिई प्रस्तुत गर्न लगाउने,<br>समूहगत प्रस्तुतिमाथि छलफल गराउने,<br>शिक्षकले आवश्यकता अनुसार पृष्ठपोषण दिने ।<br>मितव्ययी व्यवहार र बचत गर्ने बानीको विकासका लागि क्रियाकलापहरु सञ्चालन गर्ने । | लिखित तथा मौखिक प्रश्नोत्तर, परियोजना कार्य | |
| जीवनोपयोगी सिप | ● घर परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा | अनुशासनको परिचय, प्रयोग ,महत्त्व र | पोस्टर, चार्ट, न्युज प्रिन्ट, | शिक्षकले अनुशासित, उद्दण्ड व्यवहार, द्वन्द्व र तनावलाई | विद्यार्थीको सिकाइ व्यवहारमा | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुशासनको पूर्ण पालना गर्न<br>● स्वच्छ ताजा र स्वस्थ खानेकुराहरू(उचित आहारविहार)को सेवन गर्न<br>● विद्यालय परिवार तथा समुदायमा एकापसमा सहयोग गर्न<br>● द्वन्द्व र तनावको परिचय दिन<br>● कक्षाकोठा, विद्यालय, परिवार, छिमेक तथा समुदायमा समानुभूतिपूर्ण व्यवहारको अवलम्बन गर्न | आवश्यकता, प्राकृतिक तथा अप्राकृतिक खानाले पार्ने असर र परिणाम, विभिन्न क्षेत्रमा गरिने आपसी सहयोग, सद्भाव र समानुभूति व्यवहारका उपाय तथा अवलम्बन, व्यक्ति, समूह तथा संस्थागत रूपमा हुने द्वन्द्व र तनाव परिचय | घटना विवरण, शब्द सूची, श्रव्यदृश्य सामग्री | प्रतिबिम्बित गर्ने चित्र तथा भिडियो प्रदर्शन गर्ने, विद्यार्थीलाई त्यसका बारेमा मष्तिस्क मन्थन गर्न लगाउने, व्यक्ति तथा सामूहिक रूपमा प्रतिक्रिया लिने, समूहगत छलफल गराई निष्कर्ष निकाल्ने, विद्यार्थीलाई विभिन्न समूह बाँडी बढ्दो अप्राकृतिक खानाका कारण, परिणाम,तथा अन्य विषयमा परियोजना कार्य दिई पृष्ठपोषण प्रदान गर्ने। | आएको अवलोकन तथा अभिलेख, लिखित तथा मौखिक प्रश्नोत्तर, अनुभव लेखन, परियोजना कार्य | |

**कक्षा ७**

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | शैक्षणिक सामग्री | सिकाइ सहजीकरण | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| पुतलीबजार नगरपालिकाको परिचय | ● पुतलीबजार नगरपालिकाको भौगोलिक अवस्थिति तथा क्षेत्रफल बताउन<br>● आफ्नो वडा कार्यालयबाट प्रदान गरिने सेवाहरूको जानकारी दिन<br>● पुतलीबजार नगरपालिकाको नक्सा बनाइ वडा विभाजन गर्न<br>● पुतलीबजारका मुख्य पूर्वाधारहरूको पहिचान गर्न<br>● पुतलीबजार नगरपालिकाको धार्मिक र जातीय बनावटको पहिचान गर्न | नगरपालिकाको सिमाना, भूगोल र क्षेत्रफल, आँफू बसेको वडा कार्यालयको अवस्थिति, वडाका सेवाका प्रकार (जन्म, मृत्यु, विवाह बसाइँसराइँ दर्ता, नागरिकता, नाताप्रमाणित, घर निर्माण तथा किनबेच पानी, बिजुली सेवाको सिफारिस )<br>नगरका राजनीतिक वडा विभाजन र पहिचान, नगरपालिकाका मुख्य पूर्वाधार,नगरको धार्मिक र जातीय बनावट | पुतलीबजार नगरपालिकाको नक्सा, तथ्याङ्क विवरण, नगरबाट प्रकाशित बुलेटिन, नगर वेबसाइट | शिक्षकले पुतलीबजार नगरपालिकाको राजनैतिक नक्सा प्रदर्शन गर्ने,<br>मष्तिस्क मन्थन सहित विद्यार्थीलाई नगरपालिकाको भूगोल, क्षेत्रफल, आफ्नो वडा तथा मुख्य पूर्वाधार पहिचान गर्न लगाउने,<br>समूह विभाजन गरी वेबसाइटबाट नगरपालिकाको नक्सा निर्माण तथा वडा विभाजन, वडाले दिने सेवा प्रवाह, धार्मिक तथा जातीय बनावट पहिचान गरी प्रस्तुत गर्न लगाउने<br>शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्ने। | नक्सा पहिचान, लिखित तथा मौखिक प्रश्नोत्तर र परीक्षा, परियोजना | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| धार्मिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | ● पुतलीबजार नगरपालिका भित्र रहेका मुख्य धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको परिचय र विशेषता बताउन<br>● पुतलीबजार नगरपालिका भित्र रहेका मुख्य सांस्कृतिक सम्पदाहरूको परिचय र विशेषता बताउन<br>● सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्धनका उपायहरू बताउन | नगरभित्रका मुख्य धार्मिक स्थल (गुँडीखोला, शितलादेवी मन्दिर, कोल्माको गुम्बा, स्याङ्जा मस्जिद, चर्च आदि), ऐतिहासिक नुवाकोट दरबारको परिचय र विशेषता खैँजडी, झोरा, तायमचा नाँच तथा असारे, दाइँ र कर्खा गीतको परिचय र विशेषता,<br>सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्धनका उपायहरू | चित्र, पम्प्लेट, वृत्तचित्र, श्रव्य दृश्य सामग्री | विद्यार्थीलाई धार्मिक तथा सांस्कृतिक सम्पदाका चित्र तथा शब्द प्रदर्शन गर्ने,<br>विद्यार्थीबाट प्रतिक्रिया लिई नगरमा रहेका धार्मिक, ऐतिहासिक र सांस्कृतिक सम्पदाको सूची बनाउन लगाउने समूह निर्माण गरी परियोजना गराउने,<br>आवश्यकता अनुसार क्षेत्रभ्रमण गराउने, शिक्षकले पृष्ठपोषण दिने। | प्रतिवेदन लेख्न लगाउने, परियोजना कार्यको मूल्याङ्कन, मौखिक तथा लिखित प्रश्नोत्तर | १२ |
| प्राकृतिक सम्पदा र वातावरण | ● पुतलीबजार नगरपालिकाका खोला, नदी, वनजङ्गल, गुफाको विशेषता र महत्त्व बताउन<br>● पुतलीबजार नगरपालिकामा पाइने जीव जनावर, चरा चुरुङ्गी, किरा, वनस्पति तथा | नगरभित्र रहेका खोलाहरु, कैलाश गुफा, मिलिनियम गुफा सिद्धबाबा गुफाका विशेषता र महत्त्व,<br>नगरभित्र रहेका वनजङ्गलमा पाइने | चित्र, पम्प्लेट, वृत्तचित्र, श्रव्य दृश्य सामग्री | शिक्षकले पुतलीबजार नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक सम्पदा समेट्ने खालका फोटा, वृत्त चित्र प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने,<br>विद्यार्थीबाट प्रतिक्रिया लिने<br>क्षेत्र भ्रमण गराई वातावरण, | क्षेत्र भ्रमण प्रतिवेदन, परियोजना कार्यको प्रस्तुति, लिखित तथा मौखिक प्रश्नोत्तर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जडिबुटीको सूचीकरण गरी महत्त्व बताउन<br>● स्थानीय वातावरण प्रदुषणका कारण र असर बताउन | जीव, वनस्पति, जडीबुटी र तिनको महत्त्व, स्थानीय वातावरण प्रदूषणका कारण र परिणाम | | वनस्पति जडीबुटी, वातावरण जस्ता विषयमा परियोजना कार्य दिई प्रस्तुत गर्न लगाउने।<br>शिक्षकले आवश्यकता अनुसार पृष्ठपोषण दिने | | |
| पर्यटन | ● पुतलीबजार नगरपालिकामा भएका मुख्य पर्यटकीय क्षेत्रहरूको महत्त्व र विशेषता बताउन<br>● पर्यटनको महत्त्व बताउन<br>● पर्यटकीय गतिविधिमा संलग्न हुन<br>● होमस्टे पदयात्रा र प्याराग्लाइडिङ रक क्लाइम्बिङ तथा क्रस कन्ट्री रनिङको परिचय दिन | नगरका प्रमुख पर्यटकीय (कोल्माकोट, चण्डीथान, भालुपहाड, सतौँ, नुवाकोट दरबार, मनकामना, करेन्डाँडा, शङ्खपुर र रामकोष भ्यु टावर आदि) स्थलको महत्त्व र विशेषता, पर्यटनको महत्त्व, पर्यटकीय गतिविधि, होमस्टे, पदयात्रा, प्याराग्लाइडिङ, रक क्लाइम्बिङ तथा क्रस कन्ट्री रनिङको परिचय, | पर्यटकीय स्थलका चित्र, चार्ट, ब्रुसर, सूची, पर्यटक पथप्रदर्शक चार्ट, बुकलेट | पर्यटनसँग सम्बन्धित चित्र प्रस्तुत गर्ने,<br>विद्यार्थीलाई मष्तिस्क मन्थन गर्न लगाई पुतलीबजार भित्रका पर्यटकीय स्थल तथा गतिविधिका बारेमा भन्न लगाउने,<br>समूह विभाजन गरी पर्यटनको महत्त्वबारे संवाद, नगर भित्र पर्यटकीय गतिविधि, होमस्टेका बारेमा परियोजना कार्य गर्न लगाउने,<br>क्षेत्र भ्रमण गराउने<br>शिक्षकले आवश्यकता अनुसार पृष्ठपोषण दिने। | क्षेत्र भ्रमण प्रतिवेदन, कक्षा कार्य, छलफल, लिखित तथा मौखिक प्रश्नोत्तर, अनुभव लेखन, परियोजना कार्य | १० |
| कृषि र पशुपालन | ● पुतलीबजारमा सुन्तला खेती कफी खेती तथा तरकारी | नगरमा लगाइने सुन्तला, कफी, तरकारी र फलफूल | फलफूल, तरकारी, | विभिन्न खेती, पशु तथा पंक्षीपालनको चित्र प्रदर्शन गरी | क्षेत्र भ्रमणको प्रतिवेदन, लिखित | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खेतीको महत्त्व बताउन<br>● पुतलीबजार नगरपालिकामा तरकारी र फलफूल खेतीको सम्भावना बताउन<br>● पशुपालन पंक्षीपालन माछापालनको महत्त्व बताउन | खेतीको महत्त्व र सम्भावना,<br>भैंसी, कुखुरा, मौरी , माछापालनको महत्त्व | पशुपक्षीको बारेमा उल्लेख गरिएको बुकलेट, निर्माण गरिएको चार्ट, चित्र, वृत्तचित्र, भिडियो | मष्तिस्क मन्थन गर्ने,<br>पुतलीबजार नगरभित्र गरिने पशु तथा पंक्षीपालन, फलफूल, तरकारी, खेतीका बारेमा प्रतिक्रिया लिने,<br>समूहगत रूपमा परियोजना दिई त्यसको प्रस्तुति गर्न लगाउने,<br>विज्ञ आमन्त्रण गरी अभिमुखीकरण गर्ने,<br>खेतीबालीको प्रत्यक्ष अवलोकन,<br>खोज तथा र पृष्ठपोषण प्रदान गर्ने | तथा मौखिक प्रश्नोत्तर,<br>परियोजना कार्यको सम्पादन | |
| उद्यमशीलता | ● नगर क्षेत्रका विभिन्न पेसा व्यवसाय गर्ने मानिसहरूका समस्या समाधानका उपायहरू बताउन<br>● स्थानीय प्रविधिको संरक्षण र संबर्धन गर्ने उपायहरूको खोजी गर्न<br>● घरेलु उद्योगको महत्त्व बताउन | पुतलीबजार नगरभित्रका मानिसहरूले गर्ने (कृषि, निर्माण, शिक्षण, पर्यटन, बित्त, सार्वजिनक सेवा) पेसाका समस्या र समाधानका उपाय,<br>स्थानीय प्रविधि (आरन , काठका ठेका, मदानी, चुलेसी, कोलको संरक्षण र संवर्धनका उपाय,<br>घरेलु द्योगको महत्त्व | पेसा, व्यवसाय तथा उद्योगका चित्र, बुकलेट, अडियो, भिडियो, | सर्वप्रथम विद्यार्थीलाई पेसा, व्यवसायका शब्द तथा चित्र प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने,<br>प्रतिक्रिया लिईआफू बसेको वरिपरि रहेका मानिसले अपनाउने पेसा, व्यवसायमा आएका समस्या तथा समाधानका उपाय पत्तालगाउन निर्देशन गर्ने, क्षेत्र भ्रमण गराई समूह निर्माण गरेर स्थानीय प्रविधिको संरक्षण, | समूह कार्यको समीक्षा लिखित तथा मौखिक प्रश्नोत्तर,<br>परियोजना कार्यको सम्पादन | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | संवर्धनका उपाय, घरेलु उद्योगको महत्त्वका बारेमा परियोजना दिई प्रस्तुत गर्न लगाउने, आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्ने । | | |
| सरसफाइ र फोहोर व्यवस्थापन | ● फोहोरमैलाले समुदायमा पार्ने नकारात्मक असर बताउन<br>● फोहोरमैला व्यवस्थापनमा व्यक्ति परिवार, समुदाय र विद्यालयको भूमिका बताउन<br>● समुदायलाई स्वच्छ राख्ने उपायहरूको खोजी गर्न | फोहोरमैलाको परिचय र प्रकार,<br>यसले मानव स्वास्थ्य र स्थानीय वातावरणमा पारेको असर,<br>फोहोर व्यवस्थान गर्ने उपाय,<br>फोहोर व्यवस्थापनमा परिवार समुदाय र विद्यालयको भूमिका,<br>टोल तथा समुदाय सफा स्वच्छ राख्ने उपायहरू | फोहोर व्यवस्थापन र असरका श्रव्य, दृश्य सामग्री, पोस्टर, पम्प्लेट, न्युज प्रिन्ट | घर, बाटो, विद्यालय तथा सार्वजनिक स्थलमा हुने फोहोर र व्यवस्थापनका चित्र देखाई त्यसबारे मष्तिस्क मन्थन गराउने, फोहोरका असर तथा त्यसले स्थानीय वातावरणमा पारेको असरको  बारेमा प्रतिक्रिया लिने विद्यार्थीबाट प्राप्त प्रतिक्रिया लिई फोहोरको व्यवस्थापनमा भएका असल अभ्यास,  उपाय तथा वातावरण पारेको प्रभाव सम्बन्धमा परियोजना कार्य गर्न दिई गर्न लगाउने, आवश्यकताअनुसार  शिक्षकले पृष्ठपोषण प्रदान गर्ने । | फोहोर, वातावरण र मानव स्वास्थ्यका बारेमा परियोजनाको प्रस्तुति,<br>, सरसफाइ र फोहोरको व्यवस्थापन सम्बन्धी मौखिक तथा लिखित प्रश्नोत्तर | ८ |
| स्थानीय खेल शिक्षा र स्वास्थ्य | ● पुतलीबजारमा खेलिने स्थानीय खेलहरूको नियमको पालना | स्थानीय (कपर्दी, लुकीडुम, सियो धागो, | खेल, योगासन, | शिक्षकले विद्यार्थीलाई स्थानीय स्तरमा खेलिने खेलका चित्र तथा | खेल खेलेर, आसन गरेर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गरी अभ्यास गर्न<br>● गुरुकुल मदरसा गुम्बा शिक्षाको परिचय दिन<br>● प्राविधिक शिक्षाको महत्त्व बताउन<br>● मोबाइल तथा कम्प्युटरमा सिकाइका सामग्रीहरूको खोजी गर्न<br>● योगका आसनहरूको अभ्यास गर्न<br>● प्राकृतिक उपचारको महत्त्व बताउन | बेलुन फुटाई ) खेलको परिचय, नियम र अभ्यास,<br>परम्परागत रूपमा सञ्चालित गुरुकुल पाणिनी आश्रम, मदरसा, गुम्बा शिक्षाको परिचय,<br>प्राविधिक शिक्षाको महत्त्व,<br>शैक्षिक सामग्री निर्माण तथा आधुनिक युगमा मोबाइल तथा कम्प्युटरको उपयोग,<br>योगका आसनहरू (धनुरासन, भुजङ्गासन, शलभासन)<br>प्राकृतिक उपचारको महत्त्व | प्राकृतिक उपचारका चित्र तथा भिडियो,<br>परम्परागत शिक्षाका चित्र,<br>मोबाइल तथा कम्प्युटर | शब्द प्रदर्शन गरी ध्यानाकर्षण गराउने,<br>विद्यार्थीबाट प्राप्त प्रतिक्रिया लिई कपर्दी, लुकीडुम, सियो धागो, बेलुन फुटाई खेलका तरिका बताउन लगाई सामूहिक रूपमा खेलाउने,<br>परम्परागत रूपमा सञ्चालित शिक्षा, प्राकृतिक उपचार केन्द्र अवलोकन गराउने,<br>व्यक्तिगत तथा समूहमा मोबाइल र कम्प्युटरबाट विभिन्न शैक्षणिक सामग्रीको निर्माण गरी प्रस्तुत गर्न लगाउने, व्यक्तिगत तथा सामूहिक रूपमा योगका आसन अभ्यास गराउने, पृष्ठपोषण प्रदान गर्ने । | देखाउन लगाउने,<br>लिखित तथा मौखिक प्रश्नोत्तर,<br>परियोजना कार्यको प्रस्तुति तथा समीक्षा | |
| दुर्घटना र विपत् व्यवस्थापन | ● दुर्घटना तथा सडक दुर्घटना न्युनीकरणका उपायहरू बताउन<br>● विपत् पूर्वको समयमा अपनाउनु पर्ने सावधानीहरूको | प्रकृति र मानवीय कमजोरीका कारण हुने दुर्घटना (चट्याङ, करेन्ट, ग्याँस विष्फोटन, | विभिन्न विपत्ती तथा दुर्घटनाका चित्र, | शिक्षकले विद्यार्थीलाई विभिन्न किसिमका विपत्, दुर्घटनाका चित्र प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने, | विभिन्न विपत् तथा दुर्घटनाको सूची तयार पार्न लगाउने, | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पालना गर्न<br>● ट्राफिक नियमको पालना गर्न | आगलागी, जलन) हरू र सडक दुर्घटनाको परिचय, न्युनीकरणका उपायहरू, विपत् पूर्वका सावधानीहरू, ट्राफिक सङ्केत तथा तिनको पालना | पोस्टर, सवारी चालक नियम तथा सुरक्षाका उपायहरूको पम्प्लेट | विपत् देखेका, दुर्घटना भोगेका विद्यार्थीलाई अनुभव वर्णन गर्न लगाउने,<br>विज्ञ तथा अनुभवीसँग अन्तरक्रिया,<br>सडक दुर्घटना तथा विपत् न्युनीकरणका बारेमा विज्ञ तथा ट्राफिक प्रहरीसँग छलफल तथा विपतजन्य स्थानको अवलोकन गराई समूहगत रूपमा परियोजना प्रस्तुत गर्न लगाउने,<br>पृष्ठपोषण प्रदान गर्ने । | विपत् न्युनीकरण तथा व्यवस्थापनका उपायहरूका बारेमा लिखित तथा मौखिक प्रश्नोत्तर गर्ने, जनचेतना सम्बन्धी परियोजना बनाउन लगाउने | |
| सामाजिक मूल्य मान्यता संस्कृति र प्रेरक व्यक्तित्व | ● पुतलीबजार नगरपालिकामा बस्ने मानिसहरूको मुख्य जातीय संस्कारहरूको जानकारी दिन<br>● पुतलीबजारमा लाग्ने मेला महोत्सवहरूको महत्त्व बताउन<br>● परम्परागत पहिरन तथा स्थानीय खानाका परिकारको महत्त्व बताउन | नगरपालिकामा बस्ने मुख्य जातिको विवरण, जातिगत संस्कार (जन्म, जातकर्म, विवाह, मृत्यु) परिचय,<br>नगरभित्र लाग्ने (चैते दसैं, बुद्ध पूर्णिमा, पुस १५, शिवरात्री आदि)मेलाको परिचय र महत्त्व,<br>परम्परागत पहिरन र | विभिन्न जाति तथा तिनका संस्कारको हाते पुस्तिका, पत्रपत्रिका, नगर वेबसाइट, महत्त्वपूर्ण | शिक्षकले विभिन्न जाति, पर्व, खानाको चित्र तथा भिडियो प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने,<br>नगरभित्रका मुख्य जाति, तिनका संस्कार, पहिरन, खानाका परिकार, मेलाका बारेमा भन्न लगाउने,<br>विद्यार्थीको प्रतिक्रिया लिने,<br>उल्लिखित शीर्षकमा परियोजना | नगरमा रहेका विभिन्न जातिका संस्कार, चालचलन, रीतिरिवाजका बारेमा लिखित तथा मौखिक प्रश्नोत्तर गर्ने, छिमेकी वडामा रहेका कुनै एक | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● आफ्नो छिमेकी वडाका विभिन्न क्षेत्रमा योगदान पऱ्याएका प्रेरक व्यक्तिहरूको परिचय दिन | खानाका परिकारहरूको महत्त्व,<br>आफ्नो छिमेकी वडाको सामाजिक, राजनीतिक, शैक्षिक, आर्थिक, कला जस्ता क्षेत्रमा योगदान दिने व्यक्तिहरूको परिचय | योगदान दिएका व्यक्तिको व्यक्तिवृत्त | दिई प्रस्तुत गर्न लगाउने,<br>प्रेरक व्यक्तिका बारेमा परियोजना कार्य गर्न लगाउने,<br>शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण दिने । | व्यक्तिको बारेमा जीवनी तयार पार्न लगाउने | |
| संस्कार शिक्षा | ● उचित तरिकाले अभिवादन गर्न,<br>● सबैसँग शिष्ट शालीन र विनम्रतापूर्वक व्यवहार गर्न<br>● आफूभन्दा सानालाई माया र ठुलालाई सम्मान गर्न<br>● सदाचारका उपायहरू अवलम्बन गर्न<br>● अतिथिहरूको सत्कार गर्ने तरिकाहरूको अवलम्बन गर्न<br>● सबै खालको श्रमप्रति सधैँ सकारात्मक सोंच राखी श्रमको सम्मान गर्न | आफ्ना जातिअनुसार (अतिथि, मान्यजन, समकक्षी) लाई उचित तरिकाले गरिने (नमस्कार, प्रणाम , शुभकामना, बधाई, प्रशंसा) अभिवादनको परिचय र प्रयोग,<br>व्यक्तिगत र सामाजिक रूपमा गरिने शिष्ट , मर्यादित व्यवहारको ,परिचय र प्रयोग<br>सदाचार (सामाजिक मूल्य, मान्यता, आचरण) का उपायहरू, | संस्कार तथा विकृतिमूलक कार्यको प्रतिनिधित्व गर्ने चित्र, उपदेशमूलक कथा, नीति कथा पेस्टर, ई–जर्नल, आश्रम, घटना विवरण, श्रव्यदृश्य प्रवचन | शिक्षकले अहङ्कार, नम्रता र मायालु व्यवहार झल्काउने चित्र तथा शब्द सूची प्रस्तुत गर्ने,<br>विद्यार्थीलाई चित्र तथा शब्दका बारेमा मष्तिस्क मन्थन गर्न लगाउने,<br>आलोपालो प्रतिक्रिया लिने,<br>समूह विभाजन गरी आफ्नो समाज तथा समुदायमा गरिने आदर, श्रम व्यवहार, सदाचार जस्ता विषयमा परियोजना दिई प्रस्तुत गर्न लगाउने,<br>समूहगत प्रस्तुतिमाथि छलफल गराउने,<br>शिक्षकले आवश्यकता अनुसार | सिकाइ व्यवहार परिवर्तनको अभिलेख,<br>लिखित तथा मौखिक प्रश्नोत्तर,<br>परियोजना कार्य | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● मितव्ययी व्यवहारको पालना गर्न<br>● बचत गर्ने बानीको विकास गर्न | अतिथि सत्कार परिचय ,प्रकार र प्रयोग<br>श्रमको परिचय र श्रमप्रतिको सम्मान<br>सकारात्मक सोच र मितव्ययी व्यवहार र बचत गर्ने बानी | | पृष्ठपोषण दिने । | | |
| जीवनोपयोगी सिप | ● सबै ठाउँमा अनुशासनको पूर्ण पालना गर्न<br>● जङ्कफुड नखाइ स्वस्थ खानेकुराहरूको सेवन गर्न<br>● एकापसमा सहयोग आदानप्रदान गर्न<br>● द्वन्द्व र तनावको कारण पहिचान गर्न<br>● कक्षाकोठा विद्यालय परिवार छिमेक तथा समुदायमा समानुभूतिपूर्ण व्यवहारको अवलम्बन गर्न | अनुशासनको परिचय, प्रयोग, महत्त्व र आवश्यकता,<br>जङ्कफुडको परिचय, यसले स्वास्थ्यमा पार्ने असर,<br>व्यक्तिगत, सामाजिक र क्षेत्रीय सहयोग र सद्भाव,<br>समानुभूति व्यवहारका उपाय तथा अवलम्बन,<br>व्यक्ति, समूह तथा सङ्गठनात्मक रूपमा हुने द्वन्द्व र तनाव परिचय, कारण र व्यवस्थापन | पोस्टर, चार्ट, न्युज प्रिन्ट, घटना विवरण, शब्द सूची, उपदेशमूलक कथा | शिक्षकले अनुशासित, उद्दण्ड व्यवहार, द्वन्द्व र तनावलाई प्रतिबिम्बित गर्ने चित्र तथा भिडियो प्रदर्शन गर्ने,<br>विद्यार्थीलाई त्यसका बारेमा मष्तिस्क मन्थन गर्न लगाउने,<br>व्यक्ति तथा सामूहिक रूपमा प्रतिक्रिया लिने,<br>समूहगत छलफल गराई निष्कर्ष निकाल्ने,विद्यार्थीलाई विभिन्न समूह बाँडी बढ्दो जङ्कफुडको प्रयोगले ल्याउने परिणाम तथा अन्य विषयमा परियोजना कार्य दिई पृष्ठपोषण प्रदान गर्ने । | विद्यार्थीको सिकाइ व्यवहारमा आएको अवलोकन तथा अभिलेख, लिखित तथा मौखिक प्रश्नोत्तर, अनुभव लेखन, परियोजना कार्य | ११ |

**कक्षा ८**

| **विषय क्षेत्र** | **सिकाइ उपलब्धि** | **विषयको विस्तृतीकरण** | **शैक्षणिक सामग्री** | **सिकाइ सहजीकरण** | **मूल्याङ्कन प्रक्रिया** | **पाठ्य घण्टा** |
|---|---|---|---|---|---|---|
| पुतलीबजार नगरपालिकाको परिचय | • पुतलीबजार नगरपालिकाको भौगोलिक अवस्थिति तथा भौगोलिक स्वरूपको परिचय दिन<br>• नगरपालिकाबाट प्रदान गरिने मुख्य सेवाहरूको जानकारी दिन<br>• पुतलीबजार नगरपालिकाको नक्सा बनाइ वडा विभाजन गर्न<br>• पुतलीबजारका मुख्य पूर्वाधारहरूको परिचय दिन<br>• पुतलीबजार नगरपालिकाको धार्मिक भाषिक र जातीय वनावटको पहिचान गर्न<br>• पुतलीबजार नगरपालिकाको जनसङ्ख्या र इतिहासको परिचय दिन । | पुतलीबजार नगरपालिकाको भौगोलिक अवस्थिति, भौगोलिक स्वरूप र परिचय,<br>नगरपालिकाबाट प्रदान हुने (जन्म, मृत्यु, विवाह बसाइँसराइँ प्रमाणित गैरसरकारी संस्था दर्ता, प्राकृतिक प्रकोप सहायता) सेवाहरू,<br>नगरका राजनीतिक वडा विभाजन र पहिचान,<br>नगरपालिकाका मुख्य पूर्वाधारहरूको परिचय,<br>नगरको धार्मिक, भाषिक र जातीय बनावट, | पुतलीबजार नगरपालिकाको नक्सा, तथ्याङ्क विवरण, नगरबाट प्रकाशित बुलेटिन, नगर वेबसाइट | शिक्षकले पुतलीबजार नगरपालिकाको राजनैतिक नक्सा प्रदर्शन गर्ने,<br>मष्तिस्क मन्थन सहित विद्यार्थीलाई नगरपालिकाको भौगोलिक स्वरूप, क्षेत्रफल, वडा विभाजन, नगरका मुख्य पूर्वाधार पहिचान गर्न लगाउने,<br>समूह विभाजन गरी वेबसाइटबाट नगरपालिकाको नक्सा निर्माण तथा वडा विभाजन, नगरले दिने सेवा प्रवाह, धार्मिक, भाषिक, जातीय बनावट नगर इतिहासको बारेमा परियोजना प्रस्तुत गर्न लगाउने,<br>शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्ने, | नक्सा पहिचान,<br>प्रश्नोत्तर,<br>लिखित परीक्षा<br>परियोजना | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नगरको जनसङ्ख्या र नगर इतिहास | | | | |
| धार्मिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | • पुतलीबजार नगरपालिका भित्र रहेका मुख्य धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको महत्त्व र विशेषता बताउन<br>• पुतलीबजार नगरपालिका भित्र रहेका सांस्कृतिक सम्पदाहरूको महत्त्व र विशेषता बताउन<br>• सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्धनका उपायहरू बताउन | नगर क्षेत्रभित्रका मुख्य धार्मिक (कोल्मा कोटकालिका, राधाकृष्ण, सातधारा सिद्धबाबा, शितलादेवी, बहाकोट कालिका, काउले गुम्बा, राङ्खोला मस्जिद, चर्च ) ऐतिहासिक (नुवाकोट, सतौं, कोइफेरा दरबार, टक्सार ) सम्पदाहरूको महत्त्व र विशेषता, सांस्कृतिक सम्पदाहरू (घाटु, कुसुन्डा, खैजडी नृत्य तथा रत्यौली, रोइला,भजन चुड्का गीत र परम्परागत बाजाहरू) को संरक्षण र सवंर्धनका उपाय | चित्र, पम्प्लेट, वृत्तचित्र, श्रव्य दृश्य सामग्री | विद्यार्थीलाई धार्मिक तथा सांस्कृतिक सम्पदाका चित्र तथा शब्द प्रदर्शन गर्ने,<br>विद्यार्थीबाट प्रतिक्रिया लिई नगरमा रहेका मुख्य धार्मिक, ऐतिहासिक र सांस्कृतिक सम्पदाको सूची बनाउन लगाउने समूह निर्माण गरी परियोजना गराउने,<br>आवश्यकता अनुसार क्षेत्रभ्रमण गराउने, शिक्षकले पृष्ठपोषण दिने | प्रतिवेदन लेख्न लगाउने, परियोजना कार्यको मूल्याङ्कन, मौखिक तथा लिखित प्रश्नोत्तर | १२ |
| प्राकृतिक सम्पदा र | • पुतलीबजार नगरभित्रका खोला, नदी, वनजङ्गल, मैदान, गुफा, | नगरमा रहेका आँधीखोला, बाडखोला, | चित्र, पम्प्लेट, | शिक्षकले पुतलीबजार नगरपालिका क्षेत्रभित्र रहेका | क्षेत्र भ्रमण प्रतिवेदन, | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वातावरण | वस्थिति, विशेषता र महत्त्व बताउन<br>● पुतलीबजार नगरपालिकामा पाइने जीव जनावर चरा चुरुङ्गी कीरा वनस्पति तथा जडीबुटीको परिचय दिई विशेषता बताउन<br>● हरित विद्यालयको अवधारणा बताउन<br>● विद्यालय र समुदायको वातावरण स्चच्छ राख्न | अरौँदीखोला, गुडीखोला रिङ्दीखोला, वैदी खोला गुफा ( कैलाश, हुनिकोट, सिद्धबाबा, मिलेनियम) पेल्काचौर मैदानको अवस्थिति,विशेषाता र महत्त्व,<br>नगरमा रहेका वनजङ्गलमा पाइने जीव, वनस्पति, जडीबुटी र तिनको महत्त्व,<br>हरित विद्यालयको अवधारणा,<br>स्थानीय वातावरण स्चच्छ राख्ने उपायहरू | वृत्तचित्र, श्रव्य दृश्य सामग्री | प्राकृतिक सम्पदा समेट्ने खालका फोटा, वृत्त चित्र प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने, विद्यार्थीबाट प्रतिक्रिया लिने<br>क्षेत्र भ्रमण गराई खोला, नदी, वनजङ्गल, मैदान, गुफा, झरना, वनस्पति जडीबुटी, वातावरण जस्ता विषयमा परियोजना कार्य दिई प्रस्तुत गर्न लगाउने,<br>शिक्षकले आवश्यकता अनुसार पृष्ठपोषण दिने,<br>हरित विद्यालयको अवधारणाका बारेमा छलफल गराउने,<br>विद्यालय र समुदायको वातावरण स्वच्छ राख्ने उपायहरु भन्न लगाई भिडियो सामग्रीको प्रयोग गरी विभिन्न उपायहरु बताउने। | परियोजना कार्यको प्रस्तुति, लिखित तथा मौखिक प्रश्नोत्तर | |
| पर्यटन | ● पुतलीबजार नगरपालिकाले पर्ययटन प्रवर्धनमा अपनाउनु पर्ने उपायहरू बताउन<br>● पुतलीबजारका मुख्य पर्यटकीय क्षेत्रको विशेषता र अवस्थितिको | पुतलीबजार नगरपालिकाले पर्यटन प्रवर्धनमा खेल्नुपर्ने भूमिका तथा उपायहरू,<br>मुख्य पर्यटकीय क्षेत्र | पर्यटकीय स्थलका चित्र, चार्ट, ब्रुसर, सूची, पर्यटक | पर्यटनसँग सम्बन्धित चित्र प्रस्तुत गर्ने,<br>विद्यार्थीलाई मष्तिस्क मन्थन गर्न लगाई पुतलीबजार भित्रका पर्यटकीय स्थल तथा | क्षेत्र भ्रमण प्रतिवेदन, कक्षा कार्य, छलफल, लिखित तथा मौखिक | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जानकारी दिन<br>● होमस्टे पदयात्रा र प्याराग्लाइडिङ रक क्लाइम्बिङ तथा क्रस कन्ट्री रनिङका लागि उपयुक्त पुतलीबजारका स्थानहरूको पहिचान गर्न | कोल्माकोट, बहाकोट हुनिकोट, भारकोट चण्डीथान, भालुपहाड, कैलाश गुफा, सतौँ, नुवाकोट दरबार, मनकामनाको अवस्थिति र विशेषता,<br>होमस्टेका लागि कोल्माकोट ,साँधिखोला , बिम्दी ढाँडे, हुनीकोट पदयात्राका लागि खर्सु मिलेनियम ट्रेक प्याराग्लाइडिङका लागि चण्डीथान, रक क्लाइम्बिङ लागि मनकामना, क्रस कन्ट्री रनिङका लागि कोल्मा, काउले, बहाकोट, नाम्चे, काल्खु | पथप्रदर्शक चार्ट, बुकलेट | गतिविधिका बारेमा भन्न लगाउने,<br>समूह विभाजन गरी पर्यटनको महत्त्वबारे संवाद, नगर भित्र पर्यटकीय गतिविधि, होमस्टे, पदयात्रा तथा अन्य पर्यटकीय क्षेत्रका बारेमा परियोजना कार्य गर्न लगाउने,<br>क्षेत्र भ्रमण गराउने<br>शिक्षकले आवश्यकता अनुसार पृष्ठपोषण दिने । | प्रश्नोत्तर, व्यवहार अवलोकन, अनुभव लेखन, परियोजना कार्य | |
| कृषि र पशुपालन | ● व्यवसायिक तरकारी खेती फलफूल खेती तथा पशुपालनको परिचय र महत्त्व बताउन | नगरमा व्यावसायिक रूपमा लगाइने तरकारी ( आलु, बन्दा, काउली | फलफूल, तरकारी, पशुपक्षीको | विभिन्न खेती, पशु तथा पंक्षीपालनको चित्र प्रदर्शन गरी मष्तिस्क मन्थन गर्ने, | क्षेत्र भ्रमण प्रतिवेदन, लिखित तथा मौखिक | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● पुतलीबजारमा तरकारी खेती फलफूल खेती पशुपालन तथा पंक्षीपालनका चुनौतीहरू पहिचान गर्न<br>● कृषि पेसा गर्नेहरूका समस्याहरूको पहिचान गर्न | आदि)<br>फलफूल(कफी सुन्तला केरा अम्बा आदि)<br>पशुपंक्षी (भैंसी, कुखुरा, मौरी, माछा ) पालनको परिचय र महत्त्व, ती पेसामा देखिएका चुनौती र समस्याहरू | बारेमा उल्लेख गरिएको बुकलेट, निर्माण गरिएको चार्ट, चित्र, वृत्तचित्र, भिडियो | पुतलीबजार नगरभित्र गरिने पशु तथा पंक्षीपालन, फलफूल, तरकारी, खेतीका बारेमा प्रतिक्रिया लिने,<br>समूहगत रूपमा व्यावसायिक कृषि पेसा तथा तिनका समस्याका बारेमा परियोजना दिई त्यसको प्रस्तुति गर्न लगाउने,<br>विज्ञ आमन्त्रण गरी अभिमुखीकरण गर्ने,<br>खेतीबालीको प्रत्यक्ष अवलोकन, खोज तथा र पृष्ठपोषण। | प्रश्नोत्तर, परियोजना कार्यको सम्पादन | |
| उद्यमशीलता | ● पुतलीबजारमा प्रचलित परम्परागत प्रविधिको महत्त्व बताउन<br>● परम्परागत प्रविधि र आधुनिक प्रविधिको तुलना गर्न<br>● घरेलु उद्योगको विकास र विस्तारका उपायहरूको खोजी गर्न | पुतलीबजार नगरभित्र प्रचलित परम्परागत प्रविधि (जाँतो, ढिकी, हलो, जुवा, दुना ,टपरी , काठका ठेकी ,मदानी , बाँस तथा निगालोबाट निर्मित डोका, थुन्से) हरूको महत्त्व ,<br>परम्परागत प्रविधि र आधुनिक प्रविधिको | पेसा, व्यवसाय तथा उद्योगका चित्र, बुकलेट, अडियो, भिडियो, | सर्वप्रथम विद्यार्थीलाई पुतलीबजार नगरभित्र प्रचलित परम्परागत प्रविधि समेट्ने गरी शब्द तथा चित्र प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने,<br>प्रतिक्रिया लिईआफू बसेको वरिपरि रहेका परम्परागत प्रविधि पत्तालगाउन निर्देशन गर्ने,<br>समूह निर्माण गरेर परम्परागत प्रविधि र आधुनिक प्रविधिको | समूह कार्यको समीक्षा लिखित तथा मौखिक प्रश्नोत्तर, परियोजना कार्यको सम्पादन | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तुलना,<br>घरेलु उद्योगको विकास र विस्तारका उपायहरू | | तुलना,<br>घरेलु उद्योगको विकास र विस्तारका उपायहरूको खोजी बारे परियोजना दिई प्रस्तुत गर्न लगाउने, आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्ने । | | |
| सरसफाइ र फोहोर व्यवस्थापन | • सरसफाइ र फोहोर व्यवस्थापनमा स्थानीय सरकारको भूमिका बताउन<br>• सामुदायिक सरसफाइका फाइदहरूको बताउन<br>• सफा सहर गाउँको अवधारणा बताउन | सरसफाइ र फोहोर व्यवस्थापनमा स्थानीय सरकारको भूमिका फोहोर ) ,वर्गीकरण ,सङ्कलन कानुन ,व्यवस्थापन सजायको ,दण्ड ,निर्माण व्यवस्था,<br>सामुदायिक सरसफाइका फाइदहरू,<br>सफा सहर र गाउँको अवधारणा, | फोहोर व्यवस्थापन र असरका श्रव्य, दृश्य सामग्री, पोस्टर, पम्प्लेट, न्युज प्रिन्ट | घर, बाटो, विद्यालय तथा सार्वजनिक स्थलमा हुने फोहोर र व्यवस्थापनका चित्र देखाई त्यसबारे मष्तिस्क मन्थन गराउने, फोहोरका असर तथा त्यसले स्थानीय वातावरणमा पारेको असरको बारेमा प्रतिक्रिया लिने विद्यार्थीबाट प्राप्त प्रतिक्रिया लिई फोहोरको व्यवस्थापनमा नगरको भूमिका, सामुदायिक सरसफाइका फाइदा, सफा सहरको बारेमा परियोजना कार्य गर्न दिई आवश्यकताअनुसार शिक्षकले पृष्ठपोषण प्रदान गर्ने । | फोहोर, वातावरण र मानव स्वास्थ्यका बारेमा परियोजनाको प्रस्तुति,<br>, सरसफाइ र फोहोरको व्यवस्थापन सम्बन्धी मौखिक तथा लिखित प्रश्नोत्तर | ८ |
| स्थानीय खेल शिक्षा र | • स्थानीय खेलहरूको महत्त्व बताउन | स्थानीय स्तरमा खेलिने (डण्डी बियो, गट्टा आदि) | खेल, योगासन, | शिक्षकले विद्यार्थीलाई स्थानीय स्तरमा खेलिने खेलका चित्र तथा | खेल खेलेर, आसन गरेर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य | • स्थानीय खेलहरूको संरक्षणका उपायहरू बताउन र संरक्षणका क्रियाकलापमा संलग्न हुन<br>• योगको आसन र महत्त्व बताउन<br>• साइबर अपराधको परिचय दिन<br>• मोबाइल फोनको उचित प्रयोग गर्ने उपायहरू बताउन<br>• प्राकृतिक उपचारको विशेषता र महत्त्व बताउन | खेलको महत्त्व र संरक्षणका उपायहरू,<br>योगका आसनहरू (मयुरासन, सिंहासन, उष्ट्रासन) को महत्त्व ,<br>विद्युतीय कारोवारमा हुने साइबर अपराधको परिचय ,<br>सञ्चारको महत्त्वपूर्ण साधन मोबाइलको उचित प्रयोग ,<br>प्राकृतिक उपचारको विशेषता र महत्त्व महत्त्व | प्राकृतिक उपचारका चित्र तथा भिडियो, परम्परागत शिक्षाका चित्र, मोबाइल तथा कम्प्युटर | शब्द प्रदर्शन गरी ध्यानाकर्षण गराउने,<br>विद्यार्थीबाट प्राप्त प्रतिक्रिया लिई स्थानीय स्तरमा खेलिने खेल तिनको संरक्षण, मानव स्वास्थ्यका लागि योगको महत्त्वका बारेमा छलफल गराउने<br>समूह बनाई मोबाइलको प्रयोग, साइबर अपराध, प्राकृतिक चिकित्साका बारेमा परियोजना गराउने, पृष्ठपोषण प्रदान गर्ने । | देखाउन लगाउने, व्यवहार अवलोकन, लिखित तथा मौखिक प्रश्नोत्तर, परियोजना कार्यको प्रस्तुति तथा समीक्षा | |
| दुर्घटना र विपत् व्यवस्थापन | • दुर्घटना तथा सडक दुर्घटना न्युनीकरणका उपाय अपनाउन<br>• विपतको समयमा उद्धारका क्रियाकलापमा सहभागी हुन<br>• विपत व्यवस्थापनको योजना निर्माण गर्न<br>• ट्राफिक नियमको पालना गर्न | प्रकृति र मानवीय कमजोरीका कारण हुने दुर्घटना (बाढी, पहिरो, आगलागी, चट्याङ, करेन्ट, ग्याँस विष्फोटन, जलन डुबान, सवारी , सडक) हरू न्युनीकरणका उपाय,<br>विपतमा गरिने उद्धार, | विभिन्न विपत्ती तथा दुर्घटनाका चित्र, पोस्टर, सवारी चालक नियम तथा सुरक्षाका | शिक्षकले विद्यार्थीलाई विभिन्न किसिमका विपत्, दुर्घटनाका चित्र प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने,<br>नगरभित्र विपत् देखेका, दुर्घटना भोगेका विद्यार्थीलाई अनुभव वर्णन गर्न लगाउने,<br>विज्ञ तथा अनुभवीसँग अन्तरक्रिया गरी न्युनीकरणका | विभिन्न विपत् तथा दुर्घटनाको सूची तयार पार्न लगाउने,<br>विपत् न्युनीकरण तथा व्यवस्थापनका उपायहरूका बारेमा लिखित | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विपत् व्यवस्थापनको योजना<br>ट्राफिक सङ्केत तथा तिनको पालना | उपायहरू को पम्प्लेट | बारेमा छलफल गर्ने तथा विपतजन्य स्थानको अवलोकन गराई समूहगत रूपमा परियोजना प्रस्तुत गर्न लगाउने, पृष्ठपोषण प्रदान गर्ने । | तथा मौखिक प्रश्नोत्तर गर्ने, जनचेतना सम्बन्धी परियोजना बनाउन लगाउने | |
| सामाजिक मूल्य मान्यता संस्कृति र प्रेरक व्यक्तित्व | • पुतलीबजारमा बसोबास गर्ने मानिसहरूको जन्म विवाह तथा मृत्यु संस्कारको परिचय दिन<br>• पुतलीबजारमा मनाइने चाडपर्वमा र तिनको महत्त्व विकृतिहरूको पहिचान गर्न<br>• स्थानीय तथा परम्परागत खानाका परिकारहरूको संरक्षण गर्ने उपायहरू बताउन र संरक्षण कार्यमा सहभागी हुन<br>• पुतलीबजारका विभिन्न क्षेत्रमा योगदान पऱ्याएका प्रेरक व्यक्तिहरूको परिचय दिन | नगरपालिकामा बस्ने मुख्य जातिको विवरण,<br>जातिगत संस्कार (जन्म, जातकर्म, विवाह, मृत्यु) परिचय,<br>पुतलीबजारमा मनाइने (साउने सक्रान्ति, माघे सक्रान्ति, जनैपूर्णिमा, हरेलो, इद, जनै पूर्णिमा, गाइजात्रा, इद, वुद्ध जयन्ति, क्रिसमस आदि पर्वहरूको महत्त्व,<br>स्थानीय तथा परम्परागत खानाका परिकारहरूको संरक्षण ,<br>पुतलीबजार नगरपालिकामा | विभिन्न जाति तथा तिनका संस्कारको हाते पुस्तिका, पत्रपत्रिका, नगर वेबसाइट, महत्त्वपूर्ण योगदान दिएका व्यक्तिको व्यक्तिवृत्त | शिक्षकले विभिन्न जाति, पर्व, खानाको चित्र तथा भिडियो प्रदर्शन गरी मष्तिस्क मन्थन गराउने,<br>नगरभित्रका मुख्य जाति, तिनका संस्कार, पहिरन, खानाका परिकार,<br>बारेमा भन्न लगाउने,<br>विद्यार्थीको प्रतिक्रिया लिने,<br>समूह विभाजन गरी विभिन्न जातिका संस्कार, चाडपर्वको महत्तव तथा संरक्षणका उपाय,<br>प्रेरक व्यक्तिका बारेमा परियोजना कार्य गर्न लगाउने<br>शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण दिने । | नगरमा रहेका विभिन्न जातिका संस्कार, चालचलन, रीतिरिवाजका बारेमा लिखित तथा मौखिक प्रश्नोत्तर गर्ने, नगरभित्रका कुनै एक प्रतिष्ठित व्यक्तिको बारेमा जीवनी तयार पार्न लगाउने | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सामाजिक, राजनीतिक, शैक्षिक, आर्थिक, कला जस्ता क्षेत्रमा योगदान दिने व्यक्तिहरूको परिचय | | | | |
| संस्कार शिक्षा | ● उचित तरिकाले अभिवादन गर्न<br>● सबैसँग शिष्ट शालीन र विनम्रतापूर्वक व्यवहार गर्न<br>● आफूभन्दा सानालाई माया र ठुलालाई सम्मान गर्न<br>● सदाचारका उपायहरू अवलम्बन गर्न<br>● अतिथिहरूको सत्कार गर्ने तरिकाहरूको अवलम्बन गर्न<br>● सबै खालको श्रमप्रति सधैँ सकारात्मक सोंच राखी श्रमको सम्मान गर्न<br>● मितव्ययी व्यवहारको पालना गर्न<br>● बचत गर्ने बानीको विकास गर्न<br>● धैर्य र सहनशील हुन | आफ्ना जातिअनुसार अतिथि, मान्यजन, समकक्षी, अनुज व्यक्तिहरूलाई उचित तरिकाले गरिने (नमस्कार, प्रणाम शुभकामना प्रशंसा) अभिवादनको परिचय र प्रयोग, व्यक्तिगत र सामाजिक रूपमा गरिने शिष्ट , मर्यादित व्यवहारको परिचय र प्रयोग सदाचार (सामाजिक मूल्य, मान्यता, आचरण) का उपायहरू, अतिथि सत्कारको परिचय, प्रकार र प्रयोग, श्रमको परिचय, इज्जत, | संस्कार कार्यको प्रतिनिधित्व गर्ने चित्र, उपदेशमूलक कथा, नीति कथा पेस्टर, ई–जर्नल, घटना विवरण, श्रव्यदृश्य प्रवचन | शिक्षकले अहङ्कार, नम्रता र मायालु व्यवहार झल्काउने चित्र तथा शब्द सूची प्रस्तुत गर्ने, विद्यार्थीलाई चित्र तथा तस्विरका बारेमा मष्तिस्क मन्थन गर्न लगाउने,<br>आलोपालो प्रतिक्रिया लिने,<br>समूह विभाजन गरी आफ्नो समाज तथा समुदायमा गरिने आदर, श्रम व्यवहार, सदाचार जस्ता विषयमा परियोजना दिई प्रस्तुत गर्न लगाउने,<br>समूहगत प्रस्तुतिमाथि छलफल गराउने,<br>शिक्षकले आवश्यकता अनुसार पृष्ठपोषण दिने । | सिकाइ व्यवहार आएको परिवर्तनको अभिलेख, लिखित तथा मौखिक प्रश्नोत्तर, परियोजना कार्य | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सकारात्मक सोंच आर्थिक पारदर्शिता, बचत ,मितव्ययी व्यवहार, धैर्य र सहनशीलताको परिचय र प्रयोग | | | | |
| जीवनोपयोगी सिप | • सबै ठाउँमा अनुशासनको पूर्ण पालना गर्न<br>• स्वस्थ खानेकुरामा हुनुपर्ने गुणहरू बताउन<br>• एकापसमा सहयोग आदानप्रदान गर्न<br>• द्वन्द्व र तनाव व्यवस्थापनका उपायहरूको खोजी गरी पालना गर्न<br>• सबै मानिसहरूप्रति समानुभूतिपूर्ण व्यवहारको पालना गर्न | अनुशासनको परिचय, प्रयोग, महत्त्व र आवश्यकता<br>स्वस्थ र अस्वस्थ खानाको पहिचान<br>व्यक्तिगत, सामाजिक र क्षेत्रीय सहयोग र सद्भाव, समानुभूति व्यवहारका उपाय तथा अवलम्बन, व्यक्ति, समूह तथा संगठनात्मक रूपमा हुने द्वन्द्व र तनावको परिचय र व्यवस्थापन | पोस्टर, चार्ट, न्युज प्रिन्ट, घटना विवरण, शब्द सूची, उपदेशमूलक कथा | शिक्षकले अनुशासित, उद्दण्ड व्यवहार, द्वन्द्व र तनावलाई प्रतिबिम्बित गर्ने चित्र तथा भिडियो प्रदर्शन गर्ने,<br>विद्यार्थीलाई त्यसका बारेमा मष्तिस्क मन्थन गर्न लगाउने,<br>व्यक्ति तथा सामूहिक रूपमा प्रतिक्रिया लिने,<br>समूहगत छलफल गराई निष्कर्ष निकाल्ने,<br>विद्यार्थीलाई विभिन्न समूह बाँडी सहयोग, समानुभूति व्यवहार, स्वस्थ खाना, द्वन्द्व र तनाव जस्ता विषयमा परियोजना कार्य दिई पृष्ठपोषण प्रदान गर्ने। | विद्यार्थीको सिकाइ व्यवहारमा आएको अवलोकन तथा अभिलेख, लिखित तथा मौखिक प्रश्नोत्तर, अनुभव लेखन, परियोजना कार्य | ११ |

## ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया

### (क) कक्षा १–३

पाठ्यक्रमले विद्यार्थीहरूबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न गराउन शिक्षक तथा विद्यार्थीहरूले गर्ने सम्पूर्ण क्रियाकलापहरू सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गर्ने गरी विद्यार्थी मूल्याङ्कनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरू अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाइलाई प्रभावकारी र दिगो बनाई उनीहरूको स्थानीय विषयवस्तु र आवश्यकता अनुसारको ज्ञान, सिप र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिहरूको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यस अनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरूलाई शैक्षणिक सामग्रीको रूपमा प्रयोग गर्नुपर्छ । समयको माग बमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनुपर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रूपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकताअनुसार प्रविधिका साधनहरूको प्रयोग गर्नुपर्ने हुन्छ ।

कक्षा १–३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरूलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरू र अन्य विषयहरू ( नेपाली, अंग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरू सहजीकरण गर्दा आवश्यकताअनुसार स्थानीय विज्ञहरूको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरूलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नुपर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनुपर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरू विद्यार्थीहरूको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिकभन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ ।

स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रितीरिवाज, पेसा, व्यवसाय, प्रविधि, संस्कार जस्ता विषयवस्तुको शिक्षणमा विद्यार्थीको प्रत्यक्ष संलग्नाता भएपछि मात्र उक्त विषयवस्तुहरूको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरूलाई अभ्यास गर्ने तथा वास्तविक

जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरूले, अनुभव, खोज, चिन्तन, तर्कद्वारा सिकारूको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रूपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नु पर्ने छ :

- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यसअन्तर्गत बहुविषयक (विषयहरू अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरूमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ ।
- पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरूप एकीकृत सिकाइका लागि शिक्षकले एकिकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरूसँगसमेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।
- कक्षा १–३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरूको धारणा विकासमा सहयोग पऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ ।
- सिकाउनु पर्ने विषयवस्तुहरूलाई उनीहरूको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढङ्गले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाइका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाइका लागि उनीहरूलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्न सक्ने, विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान तथा खोज विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरूले स्थानीयसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारूलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनुपर्ने छ ।
- सिकारूहरूले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरू एक आपसमा आदानप्रदान गरी सहपाठीहरूको सहयोग र सहकार्यमा सिक्ने तरिकाहरू अवलम्बन गर्नुपर्ने छ ।
- बालबालिकाहरूमा नैतिक संस्कार व्यवहारिकरूपमा सिकाउनका लागि कक्षाकोठा तथा विद्यालयमा असल संस्कारका अभ्यासहरू गर्ने र गराउनुपर्नेछ ।

- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युगसापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरू, विद्युतीय सामग्रीहरू तथा वेभमा आधारित सामग्री र विधिहरूलाई सकेसम्म प्रयोग गर्ने कोशिस गर्नुपर्नेछ।

## ख) कक्षा ४–८

पुतलीबजार नगरपालिकाभित्रका सबै वडाहरूका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरू राखिएको हुँदा उक्त विषयवस्तुको व्यावहारिक ज्ञान, सिप र अभिवृत्ति विकास लागि कक्षाभित्र वा बाहिर आफ्नो घर, समुदाय, सङ्घसंस्था, धार्मिक स्थल, पेसा र व्यवसाय स्थल, वन सम्पदा, जलसम्पदामा भ्रमण गरी पञ्चेन्द्रियद्वारा प्रत्यक्ष अवलोकन तथा प्रयोग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ। पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, नमुना निर्माण, प्रयोग, फोटो जस्ता रोचक वस्तुहरू मार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ। विद्यार्थिहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नु पर्दछ। यसका लागि शिक्षण सिकाइको विधि,पद्धति तथा उपागमलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ। अझ स्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढी नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइमार्फत बालबालिकाहरूमा पाठ्यव्रmमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ।

आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरू सहजीकरण गर्न निम्न विधि प्रयोग गर्न सकिने छ :

१. प्रयोगात्मक विधि

२. अवलोकन विधि

३. परियोजना विधि

४. छलफल विधि

५. समस्या समाधान विधि

६. क्षेत्र भ्रमण विधि

७. प्रश्नोत्तर विधि

८. घटना अध्ययन विधि

९. प्रदर्शन विधि

१०. सोधखोज विधि

११. कथाकथन विधि

माथि उल्लेख गरिएका विधिहरूका अलावा विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरूको समेत प्रयोग गर्न सकिन्छ । विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरूको प्रयोग गर्न सकिन्छ। जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(अ) मस्तिष्क मन्थन

(आ) जिग्सअ

(इ) सोच–जोडीमा छलफल

(ई) जोडीमा पढाइ र जोडीमा सारांश

(उ) सङ्क्षिप्त लेखन

ऊ) घुलमिल /स्थिर/ जोडी

## ८. विद्यार्थी मूल्याङ्कन

**(क) कक्षा १–३**

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ। यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ। स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ। विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको

सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १—३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाटपनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहोर्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

**(अ) मूल्याङ्कन विधि र प्रक्रिया**

कक्षा १–३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १–३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (पोर्टफोलियो) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात्, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य,

परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा बोझिलो हुने गरी गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन समावेश गर्नु उपयुक्त हुने छ ।

**(आ) मूल्याङ्कनका तरिका र साधन**

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रूचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रूचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन्। विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रूजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन्र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरू अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रूजु सूची, श्रेणीमापन, रूब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिन्छ ।

**(इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| अपर्याप्त | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो | ३ | मुख्य सिकाइ उपलब्धि धैरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुर्‍याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइ पश्चात सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरसहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहार कुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

### (ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइ पश्चात्प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल

गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रूचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

**(उ) विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध राख्नुपर्छ ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्ध रूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग सकिन्छ-

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धि बारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन

- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न

**विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम**

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ। यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ। यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ। यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन। कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ। उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ। शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पऱ्याउनु अपेक्षित छ।

५. विषय क्षेत्र तथा थिम अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरेपछि विषय क्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नु पर्दछ।

$$\text{थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{थिमअन्तर्गतका सबै सिकाइ उपलब्धिमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{ थिममा रहेका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नानुसार प्रस्तुत गर्नुपर्ने छ –

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९०भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राहय (Accepetable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

थिमगत उपलब्धि विवरण मूल्याङ्कन अभिलेखीकरण फाराम

**विद्यार्थी मूल्याङ्कन मापनका आधार**

वर्तमान पाठ्यक्रमले सिकाइ उपलब्धि हासिल भए नभएको आधारमा विद्यार्थीले गरेका कार्यहरूको लेखाजोखा गरी प्राप्त उपलब्धिको अङ्कन गर्ने र यसको आधारमा उपलब्धि प्रतिशत पत्ता लगाउने कार्यलाई जोड दिएको छ । प्रत्येक सिकाइ उपलब्धिको अधिकतम स्तरमा ४ अङ्क प्रदान गर्ने प्रावधान रहेको छ । यसको लागि विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी विषयक्षेत्र अर्थात थिममा उल्लिखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपब्धिस्तरको अङ्क चढाउनुपर्छ । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अङ्कन महलमा चढाउनुपर्छ । फारामको कैफियत महलमा उल्लिखित बाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुपर्छ । अभिलेख फारममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (पोर्टफोलियो) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ ।

थिमगतरूपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखितकार्य, कक्षाकार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधन मात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्धारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ ।

विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात र थप सहायता पश्चात । थिमअन्तर्गत रहेको प्रत्येक सिकाइ उपलब्धिसँग सम्बन्धित पाठ वा क्रियाकलाप सञ्चालन पश्चात मूल्याङ्कन गरी मूल्याङ्कन गरिएको मिति र अङ्क चढाउनुपर्छ । नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ । थप सहायता गर्दा जुन विद्यार्थीको उपलब्धिस्तर १, २ वा ३ अङ्क प्राप्त गरे ती विद्यार्थीलाई बढी सहयोग गर्ने, अभिभावकलाई जानकारी दिई सहयोग गर्न लगाउने, कक्षाका ४ अङ्क प्राप्त गरेका विद्यार्थीलाई सहयोग गर्न लगाउने जस्ता क्रियाकलापहरू गर्न सकिन्छ ।

## स्थानीय विषयको थिमगत उपलब्धि विवरण

कक्षा : १ (एक)

विषय : हाम्रो पुतलीबजार (स्थानीय विषय )

विद्यार्थीको नाम :………………………………………. रोल नम्बरः …………………..

### १. पुतलीबजार नगरपालिकाको परिचय

<table>
<tr><td rowspan="2">सिकाइ उपलब्धि</td><td rowspan="2">मूल्याङ्कनको साधन</td><td colspan="2">नियमित पढाइ पछिको मूल्याङ्कन</td><td colspan="2">थप सहायता पछिको मूल्याङ्कन</td></tr>
<tr><td>मिति</td><td>अङ्कन</td><td>मिति</td><td>अङ्कन</td></tr>
<tr><td>• आफू बसोबास गरेको गाउँ टोलको नाम बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>• आफ्नो कक्षाका साथीहरूको थर पहिचान गर्न</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>• आफ्नो घर र विद्यालय वरपरको बाटो र बस्तीको पहिचान गर्न</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>• आफू बसोबास गरेको नगरपालिकाको नाम बताउन</td><td>प्रश्नोत्तर</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td>मिति</td><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

## २. धार्मिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदा

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो गाउँ वरपर भएका धार्मिक स्थलहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| • आफ्नो गाउँ वरपर भएका ऐतिहासिक सम्पदाहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ३. प्राकृतिक सम्पदा र वातावरण

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो गाउँ टोल वरपरका खोला र पोखरीको नाम बताउन | प्रश्नोत्तर | | | | |
| • आफ्नो गाउँ टोल वरपर पाइने जनाव,र चराचुरुङ्गी र वनस्पतिहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

### ४. पर्यटन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो गाउँ टोल वरपर रहेका पर्यटकीय स्थलहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • पर्यटकहरूलाई पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

### ५. कृषि र पशुपालन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो गाउँ टोल वरपर लगाइने खाद्य बाली र तरकारी बालीको नाम बताउन | प्रश्नोत्तर | | | | |
| • आफ्नो गाउँ टोल वरपर पाइने फलफूलहरू तथा पालिने घरपालुवा जनावरहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

**६. उद्यमशीलता**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो गाउँ टोल छरछिमेकका मानिसहरूले गरेका पेसा व्यवसायहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफ्नो गाउँ टोल छरछिमेकमा रहेका स्थानीय प्रविधिको नाम बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

**७. सरसफाइ र फोहोर व्यवस्थापन**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • व्यक्तिगत सरसफाइ गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफूले उत्पादन गरेको फोहोरको व्यवस्थापन गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ८. स्थानीय खेल शिक्षा र स्वास्थ्य

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो गाउँ टोलमा खेलिने स्थानीय खेलको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ९. दुर्घटना  विपत् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • घर तथा विद्यालयमा हुन सक्ने दुर्घटनाबाट बच्ने उपायहरूको प्रयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## १०. सामाजिक मूल्य मान्यता संस्कृति र प्रेरक व्यक्तित्व

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो परिवारमा पकाइने खानाका परिकारहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| • आफ्नो परिवारले मनाउने चाडपर्वहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| • आफ्नो परिवार र छरछिमेकका मानिसहरूले लगाउने मौलिक पहिरनको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ११. संस्कार शिक्षा

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • परिवार छिमेक र विद्यालयमा सामान्य अभिवादन गर्न | अवलोकन | | | | |
| • आफूभन्दा सानालाई माया ममता र ठुलालाई सम्मानजनक व्यवहार गर्न | अवलोकन | | | | |
| • कक्षा तथा छिमेकका साथीहरूसँग मिलेर बस्न तथा खेल्न | अवलोकन | | | | |
| • नम्र व्यवहार गर्न | अवलोकन | | | | |
| • घरमा आउने पाहुनालाई आदर सम्मान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## १२. जीवनोपयोगी सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • घर, परिवार, छिमेक, कक्षाकोठा तथा विद्यालयमा अनुशासनको पालना गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • परिवार छिमेक तथा कक्षाकोठामा सहयोग आदान प्रदान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • स्वस्थ खानेकुराहरू खान | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## स्थानीय विषयको थिमगत उपलब्धि विवरण

कक्षा : २ (दुई)

विषय : हाम्रो पुतलीबजार (स्थानीय विषय )

विद्यार्थीको नाम रोल नम्बर

### १. पुतलीबजार नगरपालिकाको परिचय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफना छिमेकी टोलहरूको सामान्य परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफ्नो कक्षाका साथीहरूको धर्म , जाति र मातृभाषा पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफ्नो घर र विद्यालय रहेको वडाको नाम बताउन | प्रश्नोत्तर | | | | |
| • आफ्नो वडाका वडा अध्यक्षको नाम बताउन | प्रश्नोत्तर | | | | |
| | | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## २. धार्मिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदा

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो वडामा भएका धार्मिक स्थलहरूको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफ्नो वडामा भएका ऐतिहासिक सम्पदाहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ३. प्राकृतिक सम्पदा र वातावरण

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो वडामा भएका खोला, पोखरी, ताल, मैदान, गुफा र जङ्गलको नाम बताउन | प्रश्नोत्तर | | | | |
| • आफ्नो वडामा पाइने जनावर ,चराचुरुङ्गी ,वनस्पति तथा जडीबुटीहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ४. पर्यटन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो वडामा रहेका पर्यटकीय स्थलहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • पर्यटकहरूलाई सम्मान गर्न | अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ५. कृषि र पशुपालन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो वडामा लगाइने खाद्य बाली,नगदेबाली ,तरकारी बालीहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| • आफ्नो वडामा लगाइने फलफूल खेती तथा पशुपंक्षीको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

**६. उद्यमशीलता**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो वडाका मानिसहरूले गरेका पेसा व्यवसायहरूको पहिचान गर्ने | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफ्नो वडामा रहेका स्थानीय प्रविधिको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

**७. सरसफाइ र फोहोर व्यवस्थापन**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • व्यक्तिगत सरसफाइ र आफ्नो कोठाको सरसफाइ गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफूले उत्पादन गरेको फोहोरको व्यवस्थापन गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ८. स्थानीय खेल शिक्षा र स्वास्थ्य

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो वडामा खेलिने स्थानीय खेलको पहिचान गरी अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • परम्परागत शिक्षाको सामान्य परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ९. दुर्घटना र विपत् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • घर बाटो तथा विद्यालयमा हुन सक्ने दुर्घटनाबाट बच्ने उपायहरूको अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • ट्राफिक नियमको प्रयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## १०. सामाजिक मूल्य मान्यता संस्कृति र प्रेरक व्यक्तित्व

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो गाउँ ,टोल छरछिमेकमा पकाइने स्थानीय खानाका परिकारहरूको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफ्नो गाउँ टोल छरछिमेकका मानिसहरूले मनाउने चाडपर्वहरूको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफ्नो गाउँ टोल र छरछिमेकका मानिसहरूले लगाउने मौलिक पहिरनको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ११. संस्कार शिक्षा

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • परिवार छिमेक र विद्यालयम समुदायमा सामान्य अभिवादन गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफूभन्दा सानालाई माया ममता र ठुलाालाई सम्मानजनक व्यवहार गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • कक्षा विद्यालय तथा समुदायका साथीहरूसँग मिलेर बस्न खेल्न तथा सहयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • नम्र व्यवहार गर्न | अवलोकन | | | | |
| • घरमा आउने पाहुनालाई आदर सम्मान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## १२. जीवनोपयोगी सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • घर, परिवार, छिमेक, कक्षाकोठा तथा विद्यालयमा अनुशासनको पालना गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • परिवार छिमेक तथा कक्षााकोठामा सहयोग आदान प्रदान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • स्वस्थ खाना खान | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## स्थानीय विषयको थिमगत उपलब्धि विवरण

कक्षा : ३ (तीन)

विषय : हाम्रो पुतलीबजार (स्थानीय विषय ) विद्यार्थीको नाम

रोल नम्बर

### १. पुतलीबजार नगरपालिकाको परिचय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो वडाका मुख्य टोल वा गाउँहरूको परिचय दिन | प्रश्नोत्तर | | | | |
| • आफ्नो समुदायका मानिसहरूको जाति, धर्म र भाषाको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • पुतलीबजार नगरपालिकाको प्रशासनिक संरचनाको सामान्य परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफ्नो नगरपालिकाका नगर प्रमुख र उपप्रमुखको नाम बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## २. धार्मिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदा

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो छिमेकी वडामा भएका धार्मिक स्थलहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| • आफ्नो छिमेकी वडामा भएका ऐतिहासिक सम्पदाहरूको पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ३. प्राकृतिक सम्पदा र वातावरण

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो छिमेकी वडाहरूमा भएका मुख्य खोला, पोखरी, मैदान ,वनजङ्गल ,गुफा र झरनाको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफ्नो छिमेकी वडाहरूमा पाइने जनावर चराचुरुङ्गी वनस्पति तथा जडीबुटीहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ४. पर्यटन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो छिमेकी वडाहरूमा रहेका मुख्य पर्यटकीय स्थलहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| पर्यटकहरूलाई सम्मान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ५. कृषि र पशुपालन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • छिमेकी वडाहरूमा लगाइने मुख्य खाद्य बाली, नगदेबाली, तरकारी बालीहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| • छिमेकी वडाहरूमा लगाइने फलफूल खेती तथा पशुपालनको सामान्य परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ६. उद्यमशीलता

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • छिमेकी वडाहरूका मानिसहरूले गरेका पेसा व्यवसायहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • छिमेकी वडाहरूमा रहेका स्थानीय प्रविधिको नाम बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ७. सरसफाइ र फोहोर व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • व्यक्तिगत सरसफाइ आफ्नो कोठाको सरसफाइ गर्न र घरको सरसफाइके क्रियाकलापमा संलग्न हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफूले उत्पादन गरेको फोहोरको उचित तरिकाले व्यवस्थापन गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ८. स्थानीय खेल शिक्षा र स्वास्थ्य

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • छिमेकी वडामा खेलिने स्थानीय खेलको पहिचान गरी अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • परम्परागत शिक्षा र धार्मिक शिक्षाको सामान्य परिचय दिन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ९. दुर्घटना विपत् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • घर बाटो तथा विद्यालयमा हुन सक्ने दुर्घटनाबाट बच्ने अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • मोटरबाटोमा सुरक्षित तरिकाले हिंड्ने अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • ट्राफिक नियमको प्रयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## १०. सामाजिक मूल्य मान्यता संस्कृति र प्रेरक व्यक्तित्व

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • आफ्नो वडा र छिमेकी वडामा पकाइने स्थानीय खानाका परिकारहरूको नाम बताउन | प्रश्नोत्तर अवलोकन | | | | |
| • आफ्नो वडा र छिमेकी वडामा मनाइने चाडपर्वहरूको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफ्नो वडा र छिमेकी वडाका मानिसहरूले लगाउने मौलिक पहिरनको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## ११. संस्कार शिक्षा

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • परिवार छिमेक र विद्यालय समुदाय तथा विभिन्न व्यक्तित्वहरूलाई उचित अभिवादन गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • आफूभन्दा सानालाई माया ममता र ठुलालाई सम्मानजनक व्यवहार गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • कक्षा विद्यालय तथा समुदायका साथीहरूसँग मिलेर बस्न खेल्न मित्रवत व्यवहार गर्न तथा सामूहिक कार्य गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • नम्र र शालीन व्यवहार गरी सामाजिक मेलमिलाप कायम गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • पाहुनालाई आदर सम्मान तथा स्वागत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • फजुल खर्च नगरी मितव्ययी व्यवहार गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

## १२. जीवनोपयोगी सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| • घर परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा अनुशासनको पूर्ण पालना गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • परिवार छिमेक समुदाय कक्षाकोठा तथा विद्यालयमा झैझगडा नगरी मेलमिलाप कायम गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| • स्वस्थ खानेकुराहरू खान | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति | उपलब्धि प्रतिशत | | | | |

**(ख) विद्यार्थी मूल्याङ्कन (कक्षा ४–८)**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो। सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व: तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रूजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ। पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइस्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ।

**(अ) आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ। यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ।

| सि.नं. | मूल्याङ्कनका पक्ष | अङ्क भार |
|---|---|---|
| १ | सहभागिता | ४ |
| २ | प्रयोगात्मक/परियोजना | ३६ |
| | (क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी (योजना) | ६ |
| | (ख) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | २० |
| | (ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | (घ) अन्तर्वार्ता | ४ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ।

- सहभागिताअन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन्।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ। उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिने छ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ।
- त्रैमासिक परीक्षामा सुरू देखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ। उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ।
- वार्षिक रूपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार (सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य

परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड पोइन्ट कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्ने छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्रीलगायतको उपयोग गर्नुपर्ने छ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, साङ्केतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रूचि र आवश्यकताका आधारमा समय तालिका बनाई सोअनुसार मूल्याङ्कन गर्नुपर्ने छ ।

### आ) आवधिक/बाह्य मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरूदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र सिर्जनात्मक तथा उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ ।

अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । यस पाठ्यक्रममा कक्षा ६–८ को विशिष्टीकरण तालिका विकास गरिएको छ । यसलाई आधार मानेर विद्यालयले अन्य कक्षा ४ र ५ को विशिष्टीकरण तालिका निर्माण गरी अन्तिम परीक्षा (५० पूर्णांकको परीक्षा) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

### विद्यार्थी मूल्याङ्कन प्रमाणीकरण

१. कक्षा १–३ मा पूर्ण रूपमा निरन्तर, कक्षा ४ देखि कक्षा ८ सम्म ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत भारको आवधिक निर्णयात्मक मूल्याङ्कनका माध्यमले विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ ।
२. निर्माणात्मक र निर्णयात्मक दुबै मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ ।
३. आन्तरिक र सैद्धान्तिक मूल्याङ्कनको उत्तीर्णाङ्क क्रमश ४० र ३५ प्रतिशत हुने छ ।

## ९. पठन पाठनको समय

पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा मानिने छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप प्रचलित शिक्षा ऐन र नियमावली बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२०

दिन विद्यालय खुल्ने छ भने २०५ दिन पठनपाठन हुने छ । कक्षा १–३ का लागि ५ र कक्षा ४–८ का लागि ४ पाठ्यघण्टा (Credit Hour) नघट्ने गरी विद्यालयले विषयको आवश्यकताअनुसार साप्ताहिक कार्यतालिकाको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्नुपर्ने छ ।

## १०. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस स्थानीय पाठ्यक्रम हाम्रो पुतलीबजार कक्षा (१–८) पुतलीबजार नगरपालिका अन्तर्गतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा १ देख ८ सम्म शैक्षिक सत्र २०८१ देखि लागु हुनेछ । यो स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न विद्यालय र शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ । स्थानीय पाठ्यक्रम अन्तर्गतका विषायवस्तुहरुको सिकाइ सहजीकरणका लागि आवश्यकताअनुसार विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रका विज्ञ व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहने छन् ।

## ११. पाठ्यक्रम परिमार्जन

सिकारुको इच्छा, आकङ्क्षा तथा परिवर्तित परिवेशअनुरूप सामाजिक आवश्यकताहरू फेरबदल हुन्छन् । समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रका विज्ञ व्यक्तिहरूको राय सुझाव तथा प्रतिक्रियाका आधारमा पुतलीबजार भित्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक, ऐतिहासिक, वातावरणीय आदि पक्षहरूको खोज, अनुसन्धान र गहिरो अध्ययन गरिने छ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

# विशिष्टीकरण तालिका

कक्षा (४–८) पूर्णाङ्क : ५०

विषय : स्थानीय पाठ्यक्रम (हाम्रो पुतलीबजार) समय : २ घण्टा

| क्र.स. | एकाइ | कार्य घण्टा | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | एकाइगत अक विभाजन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान र वोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र वोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र वोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | |
| १ | पुतलीबजारको परिचय | १२ | | | | | | | १ | | | ५ |
| २ | धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा | १२ | | | | | | | | १ | | ५ |
| ३ | प्राकृतिक सम्पदा तथा वातावरण | १० | | १ | | १ | | | | | | ४ |
| ४ | पर्यटन | १० | १ | १ | १ | | | | | | | ३ |
| ५ | कृषि र पशुपक्षीपालन | १० | १ | | | | | १ | | | | ४ |
| ६ | उद्यमशीलता | ८ | १ | | | | | १ | | | | ४ |
| ७ | सरसफाइ र फोहोर व्यवस्थापन | ८ | | | | | १ | | | | | ३ |
| ८ | स्थानीय खेल, शिक्षा र स्वास्थ्य | १० | | १ | | १ | | | | | | ४ |
| ९ | दुर्घटना र विपत् व्यवस्थापन | १० | १ | | | | १ | | | | | ४ |
| १० | सामाजिक मूल्य मान्यता, संस्कृति र प्रेरक व्यक्तित्व | १२ | | | | | | | | | १ | ५ |
| ११ | संस्कार शिक्षा | १५ | | | १ | | | | १ | | | ६ |
| १२ | जीवनोपयोगी सिप | ११ | | | | १ | | | | | | ३ |
| | | १२८ | ४ | ३ | २ | ३ | २ | २ | २ | १ | १ | ५० |

## प्रश्न निर्माण ढाँचा

| प्रश्नका किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्कभार |
|---|---|---|
| अति छोटो उत्तर आउने प्रश्न | ९ | ९ x १ = ९ |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७ x ३ = २१ |
| लामो उत्तर आउने प्रश्न | ४ | ४ x५ = २० |
| | २० | ५० |

*नोटः ज्ञान र बोधमा: विशिष्ट तथ्य, प्राप्त सूचना, पुनः स्मरण, प्रतिक्रिया तथा विद्यार्थीले सिकाइका क्रममा बोध गरेका कुराहरूको मूल्याङ्कन गर्ने खालका प्रश्न यसअन्तर्गत सोधिने छन् ।*

*प्रयोग र सिर्जनात्मक सिपमा : यसमा प्रयोग गर्ने, संयोजन गर्ने र व्यावहारिक क्षमतासम्बन्धी प्रश्नहरू सोधिने छन् ।*

*उच्च दक्षतामा : विश्लेषण, समालोचनात्मक चिन्तन, मूल्य र अभिवृत्तिसँग सम्बन्धित प्रश्नहरू सोध्न सकिने छ ।*